लोकतन्त्रको आधार : सूचनाको अधिकार
- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरू खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार ०२ गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 June 17 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८७

## अग्रज दुर्व्यवहारविरुद्ध जनचेतना अन्तर्राष्ट्रिय दिवस

प्रस, वीरगंज, १ असार/

अग्रज दुर्व्यवहारविरुद्ध जनचेतना अन्तर्राष्ट्रिय दिवस (१५ जून) शुक्रवार ज्येष्ठ नागरिक सङ्घले कार्यक्रम गरी मनाएको छ । ज्येष्ठ नागरिक पार्क लक्ष्मणवामा आयोजित कार्यक्रममा उपस्थित सयौं ज्येष्ठ नागरिकलाई नर्सिङ प्रशिक्षिका ज्ञानु केसीले यस वर्षको नारा 'पाको उमेरमा हुने हिंसाविरुद्ध नीति, कानून तथा साक्ष्यमा आधारित घेरा बनाऔं'मा केन्द्रित भएर प्रवचन दिएकी थिइन् ।



तस्वीरः प्रतीक

प्रशिक्षिका केसीले परिवारिक हिंसामा जोड दिँदै के कारणले आफ्नै परिवारभित्र प्रत्यक्ष र परोक्ष हिंसा हुने गर्छ भन्ने कुरामा प्रकाश पारेकी थिइन् । उनले सरकारले ज्येष्ठ नागरिकविरुद्ध कुनै पनि किसिमको लैङ्गिक, आर्थिक, सामाजिक दुर्व्यवहार नहोस् भनी गतिलो कानून तर्जुमा गरेको तर त्यसको कार्यान्वयनमा चुकिरहेको बताएकी थिइन् ।



ज्येष्ठ नागरिक सङ्घले प्रत्येक महीनाको पहिलो शुक्रवार ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम गर्ने परम्परा बसालेकोले हिजो १५ जूनको कार्यक्रम आज मनाइएको थियो । कार्यक्रममा सहजीकरण सङ्घका सचिव विनयराज गौतमले गरेका थिए भने अध्यक्ष श्याम पोखरेलले विषय उपर आफ्नो अभिव्यक्ति दिँदै धन्यवाद ज्ञापन गरेका थिए ।

त्यसैगरी, हिजो जून १५ का दिन सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरीले पनि सोही कार्यक्रम ज्येष्ठ नागरिक पार्कमा बिहान ७ बजे सम्पन्न गरेको थियो । श्रीपुर वडा प्रहरी कार्यालयका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्कीले ज्येष्ठ नागरिकहरूको भेलालाई सम्बोधन गर्दै सरकारले तर्जुमा गरेको नीति नियम अनुसार कुनै पनि ज्येष्ठ नागरिकसँग दुर्व्यवहार भएमा प्रहरीले सुरक्षा दिने मात्र होइन, दोषीउपर कारबाईसमेत गर्ने बताएका थिए ।

सेवा केन्द्रका वरिष्ठ सल्लाहकार पुरुषोत्तम दुबेले उक्त अवसरमा ज्येष्ठ नागरिकविरुद्ध हुने दुर्व्यवहारसम्बन्धी सुनुवाइ सेवा केन्द्रले गर्दै आएको र ज्येष्ठ नागरिकको हितमा अरू पनि कार्य गरिरहने बताएका थिए ।



सेवा केन्द्र श्रीपुरले आयोजना गरेको कार्यक्रममा सहभागीहरू । तस्वीरः सौजन्य

## असार लागेपछि खोला सुनसान

प्रस, निजगढ, १ असार/

अघिल्लो वर्षको वर्षायाम असार, साउन, भदौ तीन महीनाअघि अत्यधिक नदीजन्य पदार्थ उत्खनन, दोहन हुँदै आउने खोलाबगर असार महीना लाग्ने बित्तिकै सुनसान भएको छ ।

स्थानीय तहले खोला ठेक्काका नाममा नदीजन्य पदार्थको उत्खनन, ओसारपोसार, सङ्कलनका लागि ठेकेदारलाई बुझाउने खोलामा स्थानीय तह, प्रहरी प्रशासनलाई मापदण्ड पालना गरी उत्खनन, सङ्कलन गर्न गराउन हम्मेहम्मे हुने खोलाबगर अहिले सुनसान हुन पुगेको हो ।

सरकारले प्रत्येक वर्ष असार, साउन, भदौ तीन महीना बाढीको प्रकोप हुने र धनजनको क्षति हुने सक्नेप्रति सचेत गराउँदै आइरहेको छ । वर्षायामका यी तीन महीना खोलाबगर, नदी, खोला, नाला, खहरे, नदी तटीय क्षेत्रमा नजान तीन तहकै सरकारले स्थानीयवासीलाई सचेत गराउँदै आएका छन् । यदि नदीजन्य पदार्थ थुपिएर मानवबस्ती, वन क्षेत्र, पुल पुलेसा, सडकलगायतका अन्य संरचनामा क्षति पुग्न सक्ने भए जिल्ला विपत् व्यवस्थापन समितिको निर्णय अनुसार तोकिएको स्थानहरूमा नदी, खोला च्यानलाइज गर्न नदीजन्य पदार्थलाई हटाइ, तटबन्ध गरी सुरक्षित गर्न सकिने व्यवस्था छ । सो समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको छ ।



निजगढ नपा–९ स्थित सार्वजनिक जग्गामा थुपारिएको नदीजन्य पदार्थ । तस्वीरः प्रतीक

गत आर्थिक वर्ष २०७८/७९ मा निजगढ नगरपालिकाले नदीजन्य पदार्थ (दहत्तर–बहत्तर)को ठेक्काका लागि बकैयाखोला, धन्सार, बगर, शक्ति र लाल–भक्तलाल खोलाबाट एक करोड ५६ लाख १४ हजार ७४४ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्रीका लागि मूअकबाहेक न्यूनतम १२ करोड ४९ लाख १७ हजार ९५२ रुपियाँमा ठेक्का बन्दोबस्तीको टेन्डर आह्वान गरे पनि ठेक्का लाग्न सकेन ।

खोला ठेक्का लाग्न नसकेपछि निजगढ नगर कार्यपालिकाको बैठकले निर्णय गरी नगरभित्रका लाल–

(बाँकी पाँचौं पातामा)

## पोखरियामा एपमार्फत सरसफाइ व्यवस्थापन हुने

प्रस, पोखरिया, १ असार/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले स्वच्छ नेपाल एपको उद्घाटन गरेका छन् ।

नपाको आयोजना र इलाका प्रहरी कार्यालय, पोखरिया, सशस्त्र प्रहरी बेस क्याम्प, पोखरिया अस्पताल, जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि, युवा समाजको सहयोगमा 'सफा पोखरिया–स्वच्छ पोखरिया' नाराका साथ एपको उद्घाटन गरिएको हो ।

नगरप्रमुख चौहानले यो कार्यक्रम नगर तथा गाउँका लागि महत्त्वपूर्ण रहेको बताए । यसले नगरको सरसफाइमा टेवा पुग्ने बताए ।

प्रशासन शाखा प्रमुख अजय श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, सशस्त्र प्रहरी नायब उपरीक्षक किरणप्रकाश खत्री, प्रहरी निरीक्षक मोहन विक्रम केसी, वडाध्यक्ष लक्ष्मण साह कानूलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन सुजित गिरीले गरेका थिए ।




तस्वीरः प्रतीक

एप निर्माता प्रथम तुल्स्यानले सो एप नगरपालिकालाई निश्शुल्क उपलब्ध गराएका थिए । जथाभावी हुने फोहोरबारे एपमार्फत नपालाई जानकारी गराउन सकिने तुल्स्यानले बताए ।

## १० बिघा क्षेत्रफलमा लगाइएको लिची कीरामुक्त

प्रस, रौतहट, १ असार/

माधवनारायण नगरपालिकाको मिठुअवाटोलमा लगाइएको लिची बगानमा सुधार आएपछि किसानहरू हर्षित भएका छन् ।

झापा, बिर्तामोड–७ निवासी गोपेन्द्र भुजेलले लिची बगानलाई सुधार गर्न अथक प्रयास गरेका कारण लिचीमा लागेको कीरा हटेको छ । भुजेलले लिची बगानमा टोन, त्रिकाल र सञ्जिवनी नामक औषधि १० दिनमा एकपटक छर्कंदै आएको र पहिलो प्रयासमा नै लिची खानयोग्य भएको बताए ।

कृषिसम्बन्धी अध्ययन नगरे पनि मामाससुराले लगाएको लिची बगान स्याहार्ने क्रममा लिचीको कीरा हटाउने जानकारी रहेको उनले बताए ।

मिठुअवाटोलमा लगाइएको ७० बिघा जग्गामा लगाइएको लिचीमध्ये १० बिघा क्षेत्रको लिची बगानमा सुधार आएको उनले बताए ।

उनले आफूलाई बगानधनीले लिचीमा कीरा लागेको जानकारी गराएपछि आफू आएको बताए । विगत पाँच वर्षदेखि लिचीमा कीरा लागेका कारण लिची बगान लगाएका किसानहरू दुःखी थिए । स्थानीय तहका प्राविधिक तथा कृषि ज्ञान केन्द्रका प्राविधिकसमेतबाट उपचार गराउँदा लिचीमा लागेको कीरा नहटेपछि भुजेललाई बोलाएको किसान उपेन्द्र साहले बताए । रौतहटको मिठुअवामा व्यावसायिकरूपमा लिचीको खेती हुने गर्छ । लिचीको एउटा रूखबाट वार्षिक १५ हजार रुपैयाँ आम्दानी हुने गरेको र मिठुअवाको लिची काठमाडौं, पोखरालगायतका व्यापारीले किन्ने गरेको यादवले बताए ।



गोपेन्द्र भुजेल (दायाँ)सँग किसान । तस्वीरः प्रतीक

## नेपालमा लोकतन्त्र होइन, दलतन्त्र छ -प्रभु साह

प्रस, वीरगंज, १ असार/

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले नेपालमा लोकतन्त्र हैन दलतन्त्र रहेको बताएका छन् ।

वीरगंजमा आम विद्यार्थी मोर्चाको भेलामा अध्यक्ष साहले देशमा नाम मात्रको लोकतन्त्र रहेको र सबै निर्णय दलहरूको विधान र सिद्धान्तमा भइरहेको बताए । उनले जनताको शासनलाई पाखा लगाइ दलतन्त्रले अहिले आम जनतालाई गुमराहमा पार्न कथितरूपमा समाजवादको विषय उठाएकोमा दुःख व्यक्त गरे । लोकतन्त्रमा जनताको अधिकारको कुरा गर्नुको साटो समाजवादी मोर्चाको कुरा गर्नु जनतालाई ढाँट्नु भएको बताए । उनले नेताहरूले आफ्नो रोटी सेक्नका लागि यस प्रकारको विषय उठाएको बताए ।



तस्वीरः प्रतीक

अध्यक्ष साहले काठमाडौंका

(बाँकी पाँचौं पातामा)

बारा जिल्लाको आवधिक (पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना) आयोजनाको

**प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना**

(प्रथमपटक प्रकाशित मिति– २०८०/०३/०२)

मधेस प्रदेश, बारा जिल्ला, डिभिजन वन कार्यालय, सिमरा, बाराद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | डिभिजन वन कार्यालय, सिमरा, बारा |
| प्रस्तावकको बेहोराः | बारा जिल्लाको आवधिक (पञ्चवर्षीय वन व्यबस्थापन कार्ययोजना) आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी |
| प्रभाव पर्न सक्ने जिल्ला/नपा/गापाः | बारा जिल्ला |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानका गापा र नपा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | डिभिजन वन कार्यालय, सिमरा, बारा<br>Email: baradfo@gov.np फोन नं ९८५५०२९१०० |
| परामर्शदाताको नाम र ठेगाना | नेचुरल रिसोर्सेज एन्ड इन्भायरमेन्ट मेनेजमेन्ट सेन्टर नेपाल, चन्द्रागिरी–१५, काठमाडौं, Email: nremcnepal@gmail.com<br>फोन नं.: ९८५१००८७७८ |

### विचारसार र सूक्तिहरू

**व्यक्ति आफ्नो कर्मबाट महान बन्छ, जन्मबाट होइन।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सहकारीमा निगरानी जरुरी

**कुनै बेला नेपालमा घरघरमा भकारी टोलटोलमा सहकारी भन्ने नारा गुञ्जायमान थियो। तीन दशकअघि यही नाराका साथ नेपालमा ठूलो सङ्ख्यामा सहकारी खुलेका पनि थिए। खासगरी साना बचतकर्ताहरूका लागि सहकारी निकै लाभदायक पनि देखिएको थियो। दैनिक, साप्ताहिक, अर्द्धमासिक र मासिकरूपमा बचतकर्ताहरूले बचत गर्ने र तोकिएको समयमा रकम पाउने परिपाटीबाट साना बचतकर्ताहरूमा उत्साहको वातावरण थियो। बचत गरेको रकम सुरक्षित हुने र केही ब्याज पनि पाउने हुँदा साना बचतकर्ताहरूले आँखा चिम्लेर सहकारीहरूमा बचत गर्दै आएका थिए। तर सहकारीहरूको नियमन गर्ने जिल्ला सहकारी संस्था लिमिटेडले कडाइ नगर्दा उसै बेलादेखि सहकारीहरू बचतकर्ताको रकम लिएर भाग्ने क्रम शुरू भएको र अहिलेसम्म जारी छ। सहकारी सञ्चालनका लागि २५ जना शेयरधनीको लगानी हुनुपर्ने र सोमा बचत गर्नेहरू सहकारीका सदस्य हुनुपर्ने प्रावधान छ। त्यसैले सहकारीमा बचत गर्नेहरूलाई शुरूमा सदस्य बनाउने र उनीहरूसँग बचत गर्न लगाउने तथा ऋण प्रवाह गरिँदै आएको पाइन्छ। सहकारी नीति आफैंमा उत्कृष्ट छ। शेयरधनीहरूबाट बचत गराउने र उनीहरूमा नै लगानी गर्ने। तर यसैमा धेरैजसो सहकारीले बचतकर्ताहरूबाट सङ्कलित रकमलाई आफ्नो स्वार्थअनुकूल गैरव्यावसायिक कार्यमा लगानी गरेका र त्यसमा घाटा भएर बचतकर्ताहरूको रकम समयमा भुक्तान गर्न नसकेर सहकारीहरू भाग्नुपरेका कारण सहकारीहरू बदनाम भएका हुन। सहकारीले बचतकर्तालाई ऋण प्रवाह गर्दा सेवा शुल्कबापत तीन प्रतिशत र मासिकरूपमा लिने ब्याजमा आधारित रहेर सहकारी सञ्चालन गर्नेहरू अहिलेसम्म टिकाउ अवस्थामा छन।**

**धेरै मुनाफाका लागि गैरव्यावसायिक कार्यमा लगानी गरेर सानो समयमा बढी नाफा कमाउने दाउपेच राखेर जोखिमपूर्ण कार्य गर्ने सहकारीहरू बेलाबखत बचतकर्ताहरूको रकम तिर्न नसकेर बन्द भएका दृष्टान्तहरू नेपालमा धेरै छन्। पर्सा जिल्लामा पनि कुनै बेला घुम्तीमा समेत सहकारी सञ्चालन भएको थियो। अहिले सीमित सङ्ख्यामा सहकारीहरू जीवित छन्। बैंकसम्म पहुँच नपुगेकाहरूका लागि सहकारी निकै लाभदायक भएको थियो। ऋणीबाट लिने ब्याज र बचतकर्तालाई दिने ब्याजबीचको अन्तरमा हुने कमाइलाई आधार बनाएर सोही अनुरूपको सञ्चालन खर्च गर्दै आएका सहकारीहरू अहिलेसम्म टिकाउ छन्। अनावश्यक लाभको प्रचार गरेर बचतकर्ताहरूबाट ठूलो सङ्ख्यामा रकम सङ्कलन गर्ने तर सोअनुरूपको ब्याज दिन नसकेका सहकारीहरू बचतकर्ताहरूको रकम जोखिममा पार्दै सहकारी बन्द गरेर फरार हुने जस्ता घटना बढ्दै छन्। वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्था पनि तिनैमध्येको एक हो।**

**यस सहकारीले आकर्षक ब्याज घोषणा गर्नुका साथै सानो अवधिमा रकम दोब्बरी गर्ने भनेर करोडौं रकम सङ्कलन गऱ्यो। सो रकमलाई कुन व्यवसायमा लगानी गऱ्यो कसैलाई थाहा छैन। जब बचतकर्ताहरूको रकम फिर्ता गर्ने समय आयो सञ्चालक, प्रबन्धकहरू भूमिगत भए। अहिले कर्मचारीहरूले बचतकर्ताहरूको गाली, कचकच सुन्नुपरेको छ। सानो पाइलासहित वीरगंजमा कैंयन सहकारी सञ्चालक फरार भएका छन्। सानो पाइलाजस्तै जोखिमपूर्ण कार्य गर्ने अन्य सहकारी सञ्चालकहरू फरार हुन सक्छन्। तसर्थ सहकारीमा बचतकर्ताको रकम सुरक्षित रहोस् भन्नेतर्फ [redacted]देखि निगरानी राख्न जरुरी छ।**

# पूँजीवादको उपहार- वातावरण विनाश, उखरमाउलो गर्मी र पानीको हाहाकार

यतिबेला नेपालको तराई भूभागमा प्रचण्ड गर्मीले गर्दा जनजीवन अति कष्टकर भएको छ। एकातिर तापक्रम बढेर उखरमाउलो गर्मी भइरहेको छ भने अर्कोतिर घरीघरी बिजुली काटिंदा आम मानिसलाई इन्तु न चिन्तु बनाएको छ। यस्तो गर्मी पहिलोपटक भएको हो भन्ने पनि होइन। प्रत्येक वर्ष यसैगरी गर्मीको बेलामा तापक्रम ४४-४५ डिग्री सेल्सियससम्म पुग्छ। चापाकलहरूमा पानी सुक्न थाल्छ, घण्टौं विद्युत् आउँदैन। अनि पानीको हाहाकार हुन थाल्छ। कहिले नसुक्ने नदी, खोला, ताल, दह, पोखरी आदि सुक्न थालेपछि यो विषय समाचारको विषय बन्न पुग्छ। पछि ढिलोचाँडो वर्षात् आइपुग्छ। अनि यतिधेरै पानी पर्छ कि बाढी पहिरोले अपुरणीय धनजनको क्षति हुन्छ।

त्यसपछि शरद ऋतु आउँछ। तराईमा हुस्सु, कुहिरो र हप्तौं घाम नलागेर मुटु कमाउने जाडोमा शीतलहरले धमाधम वस्त्र अभावमा जीवन काट्न बाध्य गरीब तथा वृद्धहरू मर्न थाल्छन् र फेरि यो राष्ट्रिय समाचारको विषय बन्ने गर्छ। यसपछि हावाहुरीको समय आउँछ र भीषण आगलागीका घटनाहरूले तराईमा गाउँशहर र वनजङ्गलमा धनजनको क्षति हुन थाल्छ। यो चक्र विगत ५० वर्षदेखि निरन्तर दोहोरिरहेको छ। यस्तोमा प्रश्न उठ्छ- पर्यावरणमा आएको यस्तो भयावह नकारात्मक परिवर्तनको जिम्मेवार को हो? आउनुस् थोरै छलफल गरौं।

**पूँजीवादको मुनाफामुखी चिन्तन:**

विकास प्रकृतिको गुण हो तर हामीले के बुझ्न जरुरी छ भने विकास भन्ने कुराले विनाश हुन दिनुहुँदैन। तर विनाशकै जगमा उभिएर कुनै पनि विकास हुने गर्छ। मानवीय सभ्यताले फड्को मार्ने क्रममा अघिल्लो समयको संरचनात्मक सन्तुलनमा फेरबदल आउनु स्वाभाविक हो। खासगरी उत्पादनका साधनहरूको अन्तरसम्बन्ध एवं तिनीहरूको भूमिकामा समेत परिवर्तन हुन जान्छ। फलस्वरूप सामाजिक प्रणालीसमेत बदलिँदै जान्छ। परिवर्तनको यसै नियममा आधारित भएर हजारौं वर्षअघिको आदिम मानव समाज घुमन्ते, कबिला, गणपति र दास प्रणाली हुँदै सामन्तवादी प्रणालीमा रूपान्तरण भयो। त्यो बेलामा मानव समाजको अन्तरसङ्घर्ष प्रकृतिसँग सन्तुलन, सङ्घर्ष र सहअस्तित्व पूर्णरूपले जीवन निर्वाह गरी बाँच्नु नै मुख्य थियो।

समाजशास्त्रीहरूको भनाइ अनुसार सामन्तवादी प्रणाली लगभग पाँच हजार वर्ष जति चलेको थियो। जनसङ्ख्या वृद्धि र चेतनाको उन्नतिले उत्पादन सम्बन्धमा आएको फेरबदलका कारण मेशिनरी औजार, प्रशस्त ज्ञान, सीप र उपल्लोस्तरको चेतना र ऊर्जा शक्तिसहितको विज्ञान प्रविधिसँगै विगत दुई सय वर्षको हाराहारीयता मानव समाज पूँजीवादी प्रणालीमा प्रवेश गऱ्यो। यसपछि प्रकृतिमाथि मानव समाजले धावा बोल्न थाल्यो, प्रकृतिको अत्यधिक शोषण गर्न थाल्यो, प्राकृतिक सन्तुलन खलबल्याउन थाल्यो। पूँजीवाद सिर्जित प्रकृतिको विनाशलीलाको निरन्तरताको परिणामस्वरूप नै विश्वव्यापी जलवायु सङ्कट निम्तिएको हो भन्ने कुराको ठोकुवा गर्न सकिन्छ।

पूँजीवादको शैशवकालदेखि उत्कर्षकालको यो दुई सय वर्षको इतिहास हेर्दा पूर्वऔद्योगिक युगमा वायुमण्डलमा २१० पिपिएम मात्रा रहेको हरितगृह ग्याँस र कार्बन अहिले ४२० पिपिएम हुन पुगेको छ। जसबाट विश्वव्यापी तापक्रममा आएको बढोत्तरी नै मानव समाजका लागि महासङ्कट (पोलिक्राइसिस) र असन्तुलित समस्याका रूपमा देखिएको छ। पेरिस सहमति अनुसार सन् २०५० भित्रै १.५ डिग्री सेल्सियसभित्र वैश्विक तापमान स्थिर पार्ने चुनौती आइलागेको छ, जबकि पूँजीवादी प्रणालीमा नै फेरबदल नगरी यो सम्भव देखिंदैन।



स्वतन्त्र विचार

बैधनाथ श्रमजीवी

baidhnath2071@gmail.com

**अहिले आउँदा जलवायु परिवर्तनको मूल कारक तत्त्व रहेको कार्बन डाइअक्साइडको दुई तिहाइ खण्ड अमेरिका, युरोप, भारतलगायत पूँजीवादी मुलुक (जी-७ समेत) साथै पूँजीवाद अँगालेको साम्यवादी मुलुक चीनबाटै यसै समयमा उत्सर्जन भएको र यो उत्सर्जनको ऐतिहासिक क्षतिपूर्ति पनि ती देशहरूले बेहोर्नुपर्ने आवाज उठिरहेको छ।**

उल्लिखित परिदृश्य हेर्दा विगत दुई सय वर्षयता समाजका दार्शनिक, वैज्ञानिक तथा चेतनशील तह र तत्काका मानिसहरूले यस्तो डरलाग्दो अवस्थाबारे पहिले नै आकलन गरेका थिए। विभिन्न समयमा उनीहरूले प्रतिपादन गरेका राजनीतिक, अर्थशास्त्रीय तथा विज्ञानका सिद्धान्त तथा ज्ञान र दर्शनहरूमा प्रकृति र वातावरणीय मुद्दालाई जोडदार ढङ्गले उठाएका पनि थिए तर पूँजीवादको विकास भई दलाल पूँजीवादसम्म आइपुग्दा मुनाफा कमाउने होडमा पूँजीको सञ्चिति निश्चित व्यक्ति वा समूहको हातमा एकीकृत गर्ने योजनाले गर्दा पूँजीवादी व्यवस्थाबाट पर्यावरण संरक्षण हुनै नसक्ने कुरा प्रमाणित भएको छ।

**पूँजीवादी व्यवस्थाको बाध्यता:**

आजको जस्तो चरित्र र चिन्तन पहिले पूँजीवादी व्यवस्थाको थिएन। सामन्तवादी उत्पादन प्रणालीलाई विस्थापन गरी स्थापित भएको पूँजीवादी व्यवस्था सुरुआतमा प्रगतिशील चरित्रको थियो। त्यतिबेला खासगरी कोरा, कष्टकर र जघन्य श्रम, आततायी सामन्ती शोषण, उत्पादन न्यूनताजस्ता समस्याबाट समाजलाई छुटकारा दिई विज्ञान र मेशिनरी प्रणालीमा आधारित पूँजीवाद स्थापना गरी घनघोर र दुखान्त श्रममा बाँचेका मानिसलाई जीवनयापन गर्न सजिलो बनाइदिएको थियो। आर्थिक प्रणालीमा उत्पादन यथेष्ट बनाएर समाजको उपभोगस्तरलाई माथि उकास्न केही सकारात्मक सहयोग गरेको थियो। तर अत्यधिक र असीमित नाफा कमाउनुपर्छ भन्ने अनैतिक सोचले गर्दा पूँजीवाद अधिकरूपले प्राकृतिक स्रोतको लुटपाट र निकृष्ट श्रम शोषणमा लाग्यो। यो व्यवस्थाले मान्छेले मान्छेलाई गर्ने शोषण कायमै राख्यो। सँगै जमीन, जल, जङ्गल, खानी र समुद्रजस्ता सार्वजनिक उपभोगका विषय पनि जबरजस्ती कब्जा गर्न थाल्यो। पूँजीवादले तुलनात्मक लाभ (प्रकृतिको मिहिनेतबाट सिर्जित भएको सामाजिक लाभ)लाई पनि निजी नाफाका रूपमा राख्ने गर्न थाल्यो। प्राकृतिक स्रोतहरूको पुनर्नवीकरण र पुनर्भरण हुनै नसक्ने गरी लुटतन्त्र चलायो। कोइला, पानी, माटो, पेट्रोल र वनजङ्गलको अधिक प्रयोग मेशिनरी ऊर्जामा गरेका कारण औद्योगिक क्रान्तियता पृथ्वीमा हरितगृह ग्याँस बढेर जाँदा हाल जलवायु परिवर्तनको विश्वव्यापी सङ्कट निम्तिएको छ।

आफ्नो असली चरित्रमाथि पर्दा लगाउन औद्योगिक एवं व्यापारिकरूपमा उदाएको पूँजीवादले कहिले साम्राज्यवादी स्वरूपमा, कहिले उदारवाद र नवउदारवादको आवरणमा (ग्लोबलाइजेशन), कहिले वित्तीय पूँजीवादका रूपमा त कहिले समाज कल्याणसहितको पूँजीवाद त कहिले युरोपेली भर्सनको लोकरिझाइ पूँजीवादका रूपमा संसारभरि फैलियो। पूँजीवादले सामाजिक अन्तर्विरोध हल गर्ने नाममा राजनीतिक प्रणालीका रूपमा प्रजातन्त्र र समाजवादलाई पनि देखावटीरूपले निकै उपयोग गऱ्यो। यद्यपि पूँजीवादको मूल चरित्र भनेको लालचपूर्ण नाफा र अनावश्यकरूपले व्यक्तिगत सम्पत्ति थुपार्नु नै हो। पूँजीवादकै कारण यतिबेला मूलतः सामाजिक-आर्थिक-सांस्कृतिक असमानताको यथास्थिति कायम रहेको छ। यस्ता समस्याहरू हल गर्ने ल्याकत जुनसुकै भर्सनको पूँजीवादले पनि राख्दैन। अन्तर्विरोध हल गर्न नसक्दा पूँजीवाद सधैं मानवताविरोधी कुकर्ममा हिंडेको हिंड्यै छ। केही पहिले संसारमा आणविक युद्ध उन्मादको त्रास छ भनेर चर्चा हुन्थ्यो, अहिले जलवायु परिवर्तनको डरलाग्दो महासङ्कट (क्लाइमेट पोलिक्राइसिस)भित्र पूँजीवाद फस्न गइरहेको देखिन थालेको छ, जसमा संसारका मानवलगायत अन्य जीवसमेत पर्दै गएका छन्।

एउटा सामान्य उदाहरण हेरौं, यतिबेला आम मानिसले पिउने पानीको हाहाकार छ। हिजोसम्म पर्याप्त रहेको सौर्य प्रकाश, पिउने पानी, स्वच्छ हावा, सामुद्रिक वस्तुलगायतका मानवीय आधारभूत साधन अहिले बजारको कब्जामा छिर्दैछ। अन्यायपूर्णरूपले तिनको मूल्य तिराउने तरखरमा पूँजीवाद लागेको छ। उल्लिखित पृष्ठभूमिमा पूँजीवादको आर्थिक प्रणाली आज पनि खासगरी शास्त्रीय अर्थशास्त्रीहरूकै दार्शनिक अवधारणबाट चलेको देखिन्छ। एडम स्मिथले प्रतिपादन गरेको अर्थशास्त्रको सिद्धान्त अनुसार 'जसरी पनि धन थुपार्नुपर्छ' भन्ने बाटोमा हिंडेको शास्त्रीय पूँजीवाद अल्फ्रेड मार्शल, रिकार्डो, माल्थस र जेबी सेकै लेसेज फेयरपथमा हिंड्यो। यसले प्रकृति र सामाजिक न्यायको जिम्मेवारी वहन गर्न चाहेन, बरु सरकारी हस्तक्षेपमुक्त अराजक बजारवादकै वकालत गर्दै अन्यायपूर्ण समाज निर्माणमा इँटा थप्दै हिंडिरह्यो।

केही हदसम्म रिकार्डोले भूमिको उर्वरापनबारे लगान सिद्धान्त प्रतिपादन गरेपछि भने भूमि, जमीन, जङ्गल, खानीजस्ता स्रोत मानवीय कल्याणका लागि प्रयोग हुने भएकाले सोको संरक्षण गर्नुपर्नेबारे थोरै सचेतना बढ्यो। शास्त्रीय अर्थशास्त्रको यो कालखण्डमा मात्रै अलिकति 'हरियो' विचार उत्पन्न भएको देखिन्छ। आधुनिक अर्थशास्त्रको विधा फराकिलो भएपछि आएका रोबिन्स, श्यामुल्सन, लाङ्कास्टर, किन्स, स्टिगलर, मिल्टन फ्राइडमेन, काल्डोर, सोलोका सिद्धान्तहरू सन्तुलित वृद्धि सिद्धान्तमा आधारित भएका र दिगो विकासलाई कहींकतै जोड दिएकाले थोरै मात्र भएपनि हरियोजन्य नै मानिन्छन्। तर केल्भिन लाङ्कास्टरले मागको सिद्धान्त प्रतिपादन गर्दा वस्तु र सोभित्रको प्राकृतिक गुण (नेचुरल ऐसेन्स)को छनोटको संयोगलाई अघि सारेकाले उनको अर्थशास्त्रीय धारणा केही हदसम्म हरियो मान्नुपर्ने हुन्छ। यद्यपि यी सिद्धान्त पूर्ण 'कार्बन न्युट्रल' भने थिएन। यसै समयावधिमा कोइला, पेट्रोलजस्ता प्राकृतिक संसाधनमाथि अधिक दोहन भएको, विज्ञान र प्रविधिको अति प्रयोग गरी बढी कार्बन उत्सर्जन भएको देखिन्छ। अहिले आउँदा जलवायु परिवर्तनको मूल कारक तत्त्व रहेको कार्बन डाइअक्साइडको दुई तिहाइ खण्ड अमेरिका, युरोप, भारतलगायत पूँजीवादी मुलुक (जी-७ समेत) साथै पूँजीवाद अँगालेको साम्यवादी मुलुक चीनबाटै यसै समयमा उत्सर्जन भएको र यो उत्सर्जनको ऐतिहासिक क्षतिपूर्ति पनि ती देशहरूले बेहोर्नुपर्ने आवाज उठिरहेको छ। यसबाट पनि पूँजीवाद लालचपूर्ण नाफाकै लागि पृथ्वीमा वातावरणीय विनाशलीला मचाउने प्रमुख जिम्मेवार हो।

यसर्थ दलाल पूँजीवादले यतिबेलाको समाजमा देखिएको कुनै पनि सामाजिक, आर्थिक वा सांस्कृतिक समस्या समाधान गर्न सक्दैन भन्ने कुरा सबैले बुझ्न जरुरी छ। जसरी एउटा छेपारोले आफू सुरक्षित हुन वातावरणसँग मिल्ने विभिन्न रङ्ग बदल्ने गर्छ, ठीक त्यसैगरी दलाल पूँजीवादी व्यवस्थाले आफू सुरक्षित हुन लोकहितका अनेकौं कार्यक्रम आंशिकरूपमा सञ्चालन गर्दै आएको छ तर यसबाट पूँजीवाद अजर-अमर हुने होइन, बरु झन्झन् सङ्कटमा पर्दै गएको हो भन्ने कुरा सबैले बुझ्नुपर्छ। अहिले देखिएको वातावरणीय सङ्कट पनि दलाल पूँजीवादी व्यवस्थाबाटै आएको सङ्कट हो। त्यसैले यो दलाल पूँजीवादी व्यवस्था फालेर वैज्ञानिक समाजवादी व्यवस्था लागू गर्नु नै वर्तमानको सबै समस्याको समाधानको उत्तम विकल्प हो।

# मनसुन देशभर फैलँदै

काठमाडौं, १ असार/रासस

हाल देशको पूर्वी तथा मध्य भूभागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भूभागमा स्थानीय वायु र पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। यसका कारण देशका मध्य तथा पूर्वी भेगमा बदलीसँगै हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। आज कोशी, बाग्मती र गण्डकी प्रदेशका कतिपय स्थानमा हल्का वर्षा भएको छ।

गत जेठ ३१ गते बुधवार नेपालको पूर्वी भेग भएर मनसुन प्रणाली भित्रिएको थियो। देशको कोशी प्रदेश, मधेस प्रदेशको पूर्वी भूभाग, बाग्मती प्रदेशको अधिकांश भूभाग र गण्डकी प्रदेशका पूर्वी भूभागमा मनसुन आगमन भएको महाशाखाले मनसुन आगमनसम्बन्धी विशेष बुलेटिन निकालेर जानकारी दिएको थियो।

मनसुन क्रमिकरूपमा फैलिरहेको र यो देशभर विस्तार हुन अझै एक साता लाग्ने महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिए। "मनसुन सुस्त गतिमा छ, पश्चिमतिर फैलिन केही दिन लाग्छ, मनसुन प्रणाली केही मात्रामा कमजोर रहे पनि वर्षा भने निरन्तर हुनेछ," उनले भने।

मनसुन सुस्त गतिमा रहेकाले देशको पश्चिम क्षेत्रमा फैलिन केही दिन लाग्ने महाशाखाले जनाएको छ। नेपालमा सरदर जून १३ मा मनसुन भित्रन्छ। यसपालि एक दिन ढिला गरी मनसुन प्रवेश गरेको छ। पूर्वबाट झापा हुँदै नेपाल प्रवेश गर्ने मनसुन नेपालभर फैलिन केही दिन लाग्छ। यो वर्ष सरदरभन्दा कम वर्षा हुने जनाइएको छ।

# दुर्घटनामा पटेल गम्भीर घाइते

प्रस, वीरगंज, १ असार/

धोबिनी गाउँपालिका-३ हरिहरपुर निवासी जीतेन्द्र पटेल ट्रकको ठक्करबाट शुक्रवार बिहान गम्भीर घाइते भएका छन्। ना.६ख ५१९३ नम्बरको ट्रकले नितनपुरचोकमा बाटोमा हिंडिरहेका पटेललाई ठक्कर दिएर घाइते बनाएको प्रहरी चौकी, जीतपुरले जनाएको छ। घाइते पटेलको वीरगंज हेल्थकेयर अस्पतालमा उपचार भइरहेको छ। ट्रक र चालक परवानीपुर निवासी सुजित महतोलाई प्रहरीले पक्राउ गरेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# भ्यागुतोको बिहे

हास्यव्यङ्ग्य



सञ्जय मित्र
mitrasanjay41@gmail.com

"न लभ परेको छ, न त लोभ नै छ, अनि बलजफ्ती बिहे गऱ्या चैं कल्ले मान्छ ?" नाकको पोरा फुलाएर ट्वार्र ट्वार्र दुईचोटि गऱ्यो दुलहा भनौंदोले ।

दुलही चैं अलि ठटेउलो पाराले ठर्रा धोकेको जस्तो धोक्रो फुलाएर कनीकुथी बोली "तिम्ले चैं मलाई केटी नै भन्ठान्या हौला । म चैं जन्मजात केटा हुँ । म लवन्डा बनेर नाचमा नाच्छु । तेसैले मेरो आनीबानी अल्कत्ता केटीजस्तो भा'छ । अनि मलाई समातेर बलजफ्ती तिमीसित केही मनुवाले बिहे गराइदिए । केटाको नि केटासित बिहे गराइदिएर कतै पानी पर्छ ?" ट्वार्र ... ट्वार्र ... ।

"त्यैं त, तेरो थोत्रो बोलीले तेसै कन्टर ठट्टाको झैं आवाज निस्कन्छ । अनि तँसित मेरो बिहे गराइदयाछ । म न कन्या हुँ, न त कुमार नै । मेरी अर्धपत्नी गेट बच्चा हुर्काइरहेकी छे र अर्की चाहिं उता त्यो माछापोखरीमा खूब मोज गरेर बसेकी छे ।" ट्वार्र ... ट्वार्र ... ।

"अनि मेरी श्रीमती बन्न कसरी आयौ त ?" ट्वार्र ... ट्वार्र ... ।

"हतपतको काम लतपत भनेको सुनेथें । मनुवाहरूलाई भ्यागुतो भए पुग्यो । बिहे गराइदिने रे । मलाई बुद्धि फिरेजस्तो लाग्छ मनुवाहरूको । नत्र भ्यागुतो र



टुगेदरमैं गर्भवती भा'छे । अब अन्डा पार्ने बेला भा'छ । म धोका दिन त सक्दिनँ उसलाई ।" ट्वार्र ... ट्वार्र ... । "तर एउटा कुरो चैं अनुभव भयो । मानिसहरू दुलहा बनेर बिहे गर्दा कस्तो अनुभूति हुन्छ । त्यो चैं अनुभव भयो मलाई ।" ट्वार्र ... ट्वार्र... ।

निधारभरि सिन्दुर छँदै थियो । सिन्दुर त मान्छेले नै हालेको हो । भ्यागुतोको बिहेमा सिन्दुरको के काम ? भ्यागुतोले सिन्दुर हाल्न पनि जान्दैन । भ्यागुतोलाई अगाडि सार्दै मान्छेले नै सिउँदोमा सिन्दुर हालेपछि भ्यागुतो कसकी श्रीमती ? धन्य भ्यागुती थिइनँ, नत्र मान्छेलाई उसले आजीवन पति मान्नुपर्थ्यो, मान्छेको नियमानुसार । पतिव्रता धर्ममा बस्नुपर्थ्यो । अनि अलिकति प्रश्न मनमा उठ्यो कि यदि म भ्यागुती भएकी भए त्यो मानिसले मलाई पत्नी मान्थ्यो ? फेरि मनमनै सोच्यो, त्यो दुलही भ्यागुतोले, म भ्यागुती भएकी भए त आज मेरो बिहे भइसक्थ्यो । तर उता अलग्गै सज्जिएर दुलहा बनी बसेको भ्यागुतोलाई सुनाएर बोल्यो, "मलाई तेरो श्रीमती बनायो तर मेरा दुई/दुई श्रीमती छन् । एउटी यही कलधाराको नालामा भ्यागुतीको बिहे गराउनुपर्नेमा भ्यागुतो भ्यागुतोको बिहे कसरी गराउँथ्यो ।" ट्वार्र ... ट्वार्र... ।

आकाशमा बादल लागेकै थिएन । पानी पर्ने कुनै छाँटकाँट नै थिएन । कान्लामा लुकेर बसेको एउटा बूढो भ्यागुतोले दुवैको कुराकानी सुनिरहेको थियो । उसको घाँटी पनि खसखसाएजस्तो भयो । बूढोले अलिकति खोक्दै बोल्यो, "मानिसहरूमा समलिङ्गी विवाह चलेको सुन्छु । तिनीहरूमा समलिङ्गी विवाह भएपछि छिट्टै पानी पर्छ भन्ने नयाँ विश्वास आएको होला । त्यसैले तिमीहरूको विवाह गरायो कि ? मानिसहरू धेरै अन्धविश्वासी हुन्छन्, भन्छन् ।" ट्वार्र ... ट्वार्र ... ।

दुलही बनेको तर अब स्पष्ट भइसक्यो कि त्यो केटा नै हो, उसले स्पष्ट हुन खोज्यो, "तपैं त देश खाएर शेष रहेको वरिष्ठ भ्यागुतो । तपैंलाई था'होला, भ्यागुताले भ्यागुतीसित बिहे गरेपछि पानी पर्छ हो ? कि अन्धविश्वास हो मनुवाहरूको ?" ट्वार्र ... ट्वार्र ... ।

बूढोलाई वरिष्ठ भनेपछि धेरै खुशी लाग्यो उसलाई । खुशीले अलिकति नाक फुल्यो । चाउरी परेको अनुहारमा अलिकति चमक चढ्यो र आफ्नो बाल्यावस्थादेखिको कुरा सम्झँदै बोल्यो, "कुरो के भने नि, पैला मनुवाहरू नदी किनारमा बस्थे । हाम्रो सन्तान जन्माउने प्रक्रियालाई हेर्न पाउँथे । तिम्लाई थाहै छ, हाम्रो सन्तान जन्माउने प्रक्रियाको आरम्भ र अन्त सप्पै बर्खामैं हुन्छ । जैले खेत र फाँटमा छाँटछाँटका भ्यागुता–भ्यागुतीका जोडीलाई छलाङ मार्दै गरेका देख्थे तैले बिहे भा'को भन्ठाने । तेसैले होला, बर्खा पार्न हाम्रो भूमिका भएको भन्ठानेका ।" ट्वार्र ... ट्वार्र ... ।

एउटा परिपक्व अनुमानको सटीक तीर चलायो बूढो भ्यागुतोले ।

"तपैंको बिहे हुँदा पानी पऱ्याथ्यो ?" ट्वार्र ... ट्वार्र ... । दुलही बनेकोले आफ्नो प्रश्न राख्न नपाउँदै दुलहा बनेकोले पनि प्रश्न तेऱ्स्यायो, "तपैंको बिहे मनुवाहरूले कैल्यै गराए कि ?" ट्वार्र ... ट्वार्र ... ।

बूढो मख्ख पऱ्यो । बिहेको कुरो गर्न उसलाई पनि खूब चाख लाग्थ्यो । हिउँदमा लुकेदेखि आज पहिलोचोटि बोल्न पाएको थियो बूढो । उसलाई लाग्यो, दुवैजनाको कुरो एउटै छ । बूढोले बेलिविस्तार लाएर भन्न शुरू गऱ्यो, "ट्वार्र ... ट्वार्र ... । तिमेरूले जान्न खोज्यौ त म पनि भन्दिहाल्छु । ममा भख्खर जवानी चढेको थियो । जब भ्यागुतीहरूलाई देख्थें, तब ट्वार्र ... ट्वार्र ... निस्किहाल्थ्यो मुखबाट । मभन्दा पनि उत्ताउली एक भ्यागुतीले उल्टै मलाई जिस्काइ । अलिकति आँखा सन्काइ, थोरै जीउ तन्काइ । मैले ट्वार्र ... गरें, उसले टुर्र ... गरी । मेरो जुङा चल्यो उसले कुरो बुझी । हाम्ले बिहे गरिहाल्यौं । बिहे गरेको दिन झम्झम्ती पानी दर्क्यो । खोलो फर्क्यो । डाँडा थर्क्यो । हामी बस्ने पोखरी काँ हो काँ थ्यो । बगायो र बाढीले हाम्लाई भगायो । अनि हयाँ आएर बस्यौं, ठूलो पोखरीबाट सानो खाल्टोमा फस्यौं । ट्वार्र ... ट्वार्र ... ।

अनि हयाँ बसेपछि त कति बिहे भो, भो । जैले नि मनुवाहरूलाई आकाशे पानी चाइन्छ, मलाई खोजेर दुलहा बनाइहाल्छ । अन्धविश्वासले जुराएको संयोग, नयाँ दुलही पाउनासाथ पानी परिहाल्थ्यो । ट्वार्र ... ट्वार्र ... ।

अहिले समय फेरिएको छ । पैले यसै खाल्टोमा नुहाउँदै कोई माछा मारिरा'हुन्थे त भैंसी पनि न्वाइरा'हुन्थ्यो । अहिलै चैं कोई आउँदैन । एकैचोटि जहर छर्छन् र हाम्रा सप्पै रहर मर्छन् । त्यैं भएर अहिले पानी पर्ने ठेकान छैन ।" ट्वार्र ... ट्वार्र ... ।

(बाँकी चौथो पातामा)

# सुर्खेत यात्रा–३

नियात्रा



जगदीशप्रसाद शर्मा

*गताङ्कको बाँकी*

योजनानुसार त्रिवेणीबाट भैरहवा हुँदै गोरुसिङ्गेबाट उत्तर लागी सुपा देउराली भगवतीको दर्शन गर्दै नरपानी रिसोर्टमा रात बिताउनु थियो । तर त्रिवेणीमा ठाउँठाउँमा सडक निर्माण काम भइरहेको, बाटो जान्ने श्यामभाइ पछाडि बालकोनीमा बसेका र अगाडि जगधम्म बसेका रामानन्द चाहिं बाटो सोध्दा कसैसँग पनि भोजपुरीमा भैरहवा–बरगाछी जाने बाटो सोध्थे । बर्दघाटलाई उनले बरगाछी बुझेका रहेछन् । बताउनेले भैरहवाको बाटो बताएको हो कि बर्दघाटको थाहा हुने कुरै भएन । तर जब हामी हाइवेमा पुग्यौं त्यो त बर्दघाट रहेछ । बर्दघाटदेखि बुटवलसम्मको बाटोमा हिंड्नु नर्कयात्रा गरेसरह हुने हुँदा हाम्रो सोच भैरहवा भएर केही मिनटमा बुटवल पुगी सुपा देउराली पुग्ने रहेको थियो । रिसोर्टमा कोठा पनि बूक गराइएको थियो । तर छोटो बाटो छाडेर घुमाउरो बाटो बर्दघाट पुग्दा र त्यहाँबाट निर्माणाधीन बाटो हिंड्दा बेलुका ८:३० बजे गोरुसिङ्गे आइपुगेका हामी कसैमा पनि नरपानी पुग्ने हिम्मत शेष थिएन । त्यहींबाट फोन गरेर चन्द्रौटामा एउटा होटलमा खाना पकाउन र कोठा बूक गराइयो ।

रात चन्द्रौटाको औरोरा होटलमा बिताएर बिहान ८:३० बजेतिर लमही पुग्यौं । त्यहाँ नेत्र ज्योति सङ्घद्वारा सञ्चालित अस्पताल पुगेर नाश्ता गऱ्यौं र फेरि सुर्खेतको हाम्रो यात्रा आरम्भ भयो । लमहीबाट हिंडेपछि बाटोमा खाना खाई कोहलपुर पुग्दा झन्डै १ बजेको थियो । हाम्रा साथमा पाहुनाकी बुहारी सोही दिन मुगुबाट हवाईजहाजबाट नेपालगंज आएर सुर्खेतका लागि प्रस्थान गरेको मोबाइल सन्देश पाएपछि पाहुनाको आग्रहमा कोहलपुरमा बुहारी नानीलाई साथ लैजान कुर्न थाल्यौं । अन्ततोगत्वा बेलुका ४:०० बजेतिर सुर्खेत पुग्यौं र पाहुना तथा बुहारीलाई उनको घर पुऱ्याएर हामी अधिवेशन आयोजना क्याम्पमा पुग्यौं । केन्द्रीय तथा स्थानीय ज्येष्ठ नागरिक पदाधिकारीहरूसँग भलाकुसारी गरेर आआफ्ना वासस्थानको खोजीमा लाग्यौं । वासस्थान मध्यम खालको थियो, तर ज्येष्ठ नागरिकमैत्री नभएको गुनासो हामीले केन्द्रीय उपाध्यक्ष शारदा बैनीसँग गऱ्यौं । निकै फरासिली, मेहनती र जुझारू महिला उनले त हामीले कल्पनै नगरेको वातावरण र सुविधासम्पन्न होटलमा हाम्रो बस्नेखाने व्यवस्था मिलाइदिइन् ।

यद्यपि अधिवेशन एक दिने थियो, तर म केन्द्रीय सदस्य भएको नाताले दोस्रो दिन कार्यशाला गोष्ठीमा भाग लिन र त्यसपछि तीन दिने तालीम कार्यक्रममा पनि भाग लिने दबाब ममाथि पऱ्यो । सबै कार्यक्रमहरूमा सहभागी हुने मन हुँदाहुँदै पनि दबाब झेल्ने ऊर्जा सङ्कलन गरेर मैले २६ गते बिहानै हिंड्नैपर्ने विवशता बताएँ । विवशता थियो पनि, पहिलो साथीहरूलाई यतिका दिन रोक्न सकिदैनथ्यो, दोस्रो केही घरायसी समस्या पनि थिए । दोस्रो साथीहरू फर्के भने स्वर्गद्वारी पुग्ने कार्यक्रम छुट्ने र एक्लै बसमा यति लामो, अत्यासलाग्दो यात्रा गर्नुपर्ने कल्पनाले मभित्र छटपटी थियो । अध्यक्ष छत्र प्रधान र उपाध्यक्ष शारदा बैनीलाई अनुरोध गरें, बडो मुश्किलले उनीहरूले अनुमति दिए ।

भोलिपल्ट बिहान हामी स्वर्गद्वारीका लागि निस्क्यौं । त्यसभन्दा पहिले सुर्खेत घुमौं भन्ने भएर त्यहाँको प्रसिद्ध देवस्थल काँक्रे बिहार पुग्यौं । घना वनक्षेत्रभित्र यो बौद्ध बिहार प्राचीन कालीगडीको नमूना हो । ढुङ्गैढुङ्गाले बनेको यो बिहार एकपटक भूकम्पमा भत्केपछि स्थानीय बासिन्दाले त्यहीं ढुङ्गाबाट पुनर्निर्माण गरेका रहेछन् । अनि दोस्रो गन्तव्य थियो–बुलबुले ताल । तर तालको बखान सुनेपछि सुर्खेतमा अलमलिनुको साटो स्वर्गद्वारी जाने र त्यहाँबाट भ्याए सुपा देउराली । त्यहाँबाट स्वर्गद्वारी पुग्ने दुईवटा बाटो बताइएको थियो । बाटोबारे पर्याप्त जानकारी नभएकोले हामीले ७०




सुर्खेतस्थित काँक्रे बिहारको प्रवेशद्वार

किलोमिटर बढी पर्ने सुर्खेत–भालुवाङ–स्वर्गद्वारी बाटो छोडेर सानो बाटो लाग्यौं । यो बाटो थियो–सुर्खेतबाट कोहलपुर हुँदै राजमार्ग भएर बिजुवारबाट उत्तर लाग्ने र हापुरे र हलेरी (माओवादी–सरकार पहिलो वार्ता भएको ठाउँ) हुँदै स्वर्गद्वारी पुग्ने । तर भयो उल्टो, सानो बाटो यति बिघ्न जर्जर र मन–मस्तिष्क थकाउने खालको थियो कि ज्येष्ठमा पनि ज्येष्ठ सदस्यहरूको के कुरा, जवान ज्येष्ठहरू पनि वाक्क र ब्याक्क भए । हो, एउटा आश्चर्य चाहिं सबैभन्दा जेठी झन्डै ७७

(बाँकी पाँचौं पातामा)

# विवाह, नाच, समियाना र चोप (४)

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

कतिपय दर्शकहरू उखरमाउलो गर्मीका कारण महफिलभन्दा टाढा थिए । उनीहरूमध्ये कोही गम्छा बिछ्याएर र सोमाथि बसेर त कोही सुतेर आँखा बन्द गरी आराम मुद्रामा रनभुल्ल थिए । उनीहरूको चेतना लाउडस्पीकरबाट प्रवाहित ध्वनिमा केन्द्रित थियो भन्ने कुरा अनुहारमा प्रकट हाउभाउले ठम्याउन कठिन थिएन । उहिले विवाह वा कुनै विशेष प्रयोजनमा मनोरञ्जनको एकमात्र संसाधन नाच नै थियो ।

उद्घोषकले आगामी कलाकारको नाम उद्घोष गरे । उनले, "आप सभीको जिस अदाकारा की बेसब्री से इन्तजार था, वो एक सुमधुर नगमा के साथ उपस्थित हो रही हैं, और वो हैं ..." कलाकारको नाम उद्घोष नगरे पनि महफिलमा तालीको गड्गडाहट गुञ्जायमान भयो । दर्शकहरूको भीडबाट तालीसँगै नाम उच्चारण हुन थाल्यो, राधारानी ... । राधारानीको आगमन नहुन्जेल दर्शकहरूमा उत्साहपूर्ण कौतुहलता व्याप्त थियो ।

कानमा खुसखुस गर्दै राधारानीको चर्चा परिचर्चा शुरू भयो । दर्शकहरूको आँखा कलाकारहरू तयार हुने राउटीतर्फ केन्द्रित भयो । किनभने उतैबाट राधारानीको आगमन हुँदै थियो । लगत्तै राउटीभित्रबाट एउटी सुन्दर नर्तकी बाहिरिइन् । उनको पाइला महफिलतर्फ अग्रसर भयो । कौतुहलपूर्ण वातावरण अचानक शान्त भयो र केवल पायलको छमछम आवाज आइरहेको थियो ।

दिउँसोको एक बजिसकेको थियो । नाचको आकर्षण चरम उत्कर्षमा थियो । नाचको सुरुआतसँगै प्रत्येक कलाकारले दुईवटा गीतमा एकल प्रस्तुति गर्ने अवसर पाउँछन् । त्यसपछि सामूहिक प्रस्तुति र अन्तमा चर्चित फिल्मको अंश नाटकको रूपमा प्रस्तुत गरिन्छ । एकल प्रस्तुतिपछि अहिले महफिलमा नृत्याङ्गनाहरूको सामूहिक उपस्थिति भइसकेको थियो । मुख्य नृत्याङ्गना राधारानी र अन्य कलाकारहरू सहायक पात्रको भूमिकामा थिए । "राम तेरी गङ्गा मैली हो गई, पापियों के पाप धोते धोते ... " गीतसँगै नृत्य भइरहेको थियो । भीड एकटकले नृत्य हेरिरहेको थियो । सोही बखत नृत्य रोक्दै उद्घोषकले, "इस गाने पर खुश होकर दुलहा के फुफाजी श्री राधेश्यामजी ने दो रुपये का पुरस्कार देते हुए कहते हैं–

मोहब्बत की शमा जला कर तो देखो,
ये दिलो की दुनियाँ सजा कर तो देखो,
तुझे हो न जाए मोहब्बत तो कहना,
जरा हमसे नजरे मिला कर तो देखो"

बिचरा दुलहाको फुफाजी मुन्टो निहुराएर यताउति हेर्न थाले । नामका साथ शायरी उच्चारण भएपछि उनी चकित थिए । आखिर कसले यो हर्कत गऱ्यो भन्ने प्रश्नको शायद उनी मनमनै उत्तर खोजिरहेका थिए । महफिलमा विराजमान कुटुम्बजन उनको मुहार अवलोकन गर्दै मन्द मुस्कुराइरहेका थिए । मजाक उडाउँदै आपसमा खासखुस गरिरहेका थिए । यो चर्तिकलाको उत्पत्तिकर्ता साढुदाइ राजाप्रसाद हुन् भन्ने कुरा राधेश्यामलाई थाहा थिएन । अपितु अन्य कुटुम्बजनलाई थाहा थियो ।

राधेश्यामलाई तनाव किन भयो भने उनले न पैसा दिएका थिए, न नाम उद्घोष गर्न भनेका थिए । को होला ? कृत्यकर्ताको बारेमा उनी अनुमान गर्न थाले । उनको पछाडिपट्टि बसेर मनमनै मुस्कुराइरहेका साढुदाइप्रति आशङ्का केन्द्रित भयो । राधेश्यामले साढुदाइ राजाप्रसादसँग सोधे पनि । तर मन्द मुस्कानका साथ उनले अस्वीकार गरे पनि उनको शारीरिक हाउभाउले हर्कत उनले नै गरेका हुन् भन्ने ठम्याउन कठिन थिएन ।

दुवैजनाबीच कुराकानी चलिरहेकै बेला माइकबाट उद्घोषकको स्वर गुञ्जित भयो, "लडका के बडका फुफाजी श्री राजाप्रसादजी के तरफ से दो रुपये का पुरस्कार प्राप्त हुआ है । हमारी कम्पनी के तरफ से हम उन्हे तहे दिल से शुक्रिया अदा करते हैं ।" आफ्नो नाम सुन्ने बित्तिकै राजाप्रसादजीको मुहारमा आश्चर्यजनक हाँसो प्रकट भयो । अगाडि बसिरहेका दुलहाका मौसा दीपकले पछाडि फर्केर राजाप्रसादलाई आँखा झिम्काइ चिढाउने प्रयत्न गरे । राजाप्रसादको मुखबन्द हाँसोसँगै जीउ हल्लिन थाल्यो । हाँसोको तीव्रताका कारण राजाप्रसादको मुख खुल्यो र लेदोजन्य फुहराले दीपकको अनुहार फोहोर भयो । कुटुम्बजनमाझ हाँसोको पर्रा छुट्यो । दुवैजनाबीच महफिलमा पान चपाउन नहुनेबारे ज्ञानजन्य भनाभन धेरैबेर टिक्न सकेन । किनभने आफ्नो नाम सुन्ने बित्तिकै दीपकको ध्यान माइकतर्फ केन्द्रित भयो । दीपक दुलहाको मौसा पर्छन् । माइकबाट दीपकको नाममा पाँच रुपैयाँको इनामका साथै उद्घोषकले शायरी भनिरहेका थिए ।

दुलहाका पिताजी विकाश शर्माको ठहाकामय हाँसोले उनले नै हर्कत गरेका

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ-३७

**युद्ध र अमेरिका**

अमेरिकाले विगतमा धेरै युद्ध लडेको छ । आफू स्वतन्त्र हुनका लागि एवं अन्य राष्ट्रहरूको स्वतन्त्रताको रक्षा गर्न अमेरिकाले अनेक युद्ध लडेको छ । बाहिरबाट हेर्दा तथा अमेरिकाका विरोधीहरूको कुरा सुन्दा आफू शक्तिशाली हुन अमेरिकाले अनेक युद्ध लडेको जस्तो लागे तापनि अमरिकाले आफ्ना सहयोगी एवं मित्रराष्ट्रहरूको हितको रक्षाका लागि पनि युद्ध गरेको पाइन्छ ।

मित्रराष्ट्रहरूको राष्ट्रिय सुरक्षाका लागि अमेरिकाले आफ्ना नागरिक (सुरक्षाकर्मी)हरू गुमाएको पाइन्छ । मित्रराष्ट्रहरूको राष्ट्रिय सुरक्षाका लागि उनीहरूलाई करोडौं डलर सहयोग दिएको पाइन्छ । रूस-युक्रेन युद्धमा युक्रेनलाई अमेरिकाले आर्थिक सहयोग गरिरहेको छ । सर्वविदित छ, रूसले युक्रेनका केही भूभागमाथि कब्जा गरेपछि युक्रेन-रूसबीच युद्ध आरम्भ भएको हो ।

अमेरिका आफू पनि स्वतन्त्र रहन चाहन्छ । आफ्ना नागरिकहरूलाई पनि स्वतन्त्र राख्न चाहन्छ । आफ्ना नागरिकहरूले प्रजातन्त्रको पूर्ण उपयोग गरून् भन्ने इच्छा राख्छ । आफ्ना नागरिकहरूको स्वतन्त्रताको लागि सधैं क्रियाशील रहन्छ । अमेरिकाले आफ्ना नागरिकहरूको स्वतन्त्रतालाई उच्च महत्त्व दिएको हुनाले नै अमेरिकाको कुनै पनि शासक (राष्ट्रपति) तानाशाह भएको इतिहास छैन । एउटै राष्ट्रपतिले दशकौं शासन गरेको इतिहास छैन ।

अमेरिकामा हुने चुनाव निष्पक्ष हुन्छ । राष्ट्रिय चुनावमा मतदाताहरूलाई आफ्नो पक्षमा मत दिन उनीहरूलाई उम्मेदवारहरूद्वारा भयभीत पारिँदैन वा पैसा दिने चलन छैन । एकपटक राष्ट्रपति निर्वाचित भएको व्यक्ति दोस्रोपटक निर्वाचित हुन पाउँछ तर तेस्रोपटक निर्वाचित हुन पाइँदैन । दुईपटक अमेरिकाको राष्ट्रपति निर्वाचित भइसकेको व्यक्तिले राजनीतिबाट सन्न्यास लिएको र समाजसेवा गरेको पाइन्छ । तर सक्रिय राजनीतिमा फर्केको पाइँदैन ।

अमेरिकाले आफ्ना सहयोगी एवं पक्षधर राष्ट्रहरूलाई सैन्य एवं आर्थिक सहयोग पनि गर्छ र त्यस्तो सहयोग गरिदिएबापत आफ्ना सहयोगी राष्ट्रहरूबाट आफूलाई असल व्यवहार प्राप्त होस् भन्ने चाहन्छ । त्यो राष्ट्र आफ्नो पक्षधर रहोस् भन्ने चाहन्छ ।

अमेरिकाले आफ्ना सहयोगी राष्ट्रहरूको लागि निम्न युद्धहरू गरेको पाइन्छ ।

अमेरिकाले अप्रिल १९, १७७५ देखि सेप्टेम्बर ३, १७८३ सम्म 'अमेरिकन रिभुलस्नरी वार' नामक युद्ध लडेको

धारावाहिक



विश्वराज अधिकारी
akoutilya@gmail.com

थियो । यस युद्धलाई 'रिभुलस्नरी वार' तथा 'अमेरिकन वार अफ इन्डिपेन्डेन्स' पनि भन्ने गरिन्छ । यो युद्ध अमेरिकाले आफू बेलायतबाट स्वतन्त्र हुनका लागि लडेको थियो ।

अमेरिकाले लडेको अर्को युद्ध 'वार अफ १८१२' थियो । यो युद्ध अमेरिकाले संयुक्त अधिराज्य (बेलायत)सँग लडेको थियो । यो युद्धमा अमेरिकालाई अमेरिकाका आदिवासीहरूले सघाएका थिए भने बेलायतलाई 'ब्रिटिश नर्थ अमेरिका'का सहयोगीहरूले मदत गरेका थिए ।

अमेरिकाले (अन्दाजी) सन् १८१७ देखि १८९८ सम्म 'इन्डियन वार्स' लडेको थियो । यो युद्ध अमेरिकाले अमेरिकी आदिवासीहरूसँग लडेको थियो ।

अमेरिका र मेक्सिकोबीच पनि युद्ध भएको थियो । यो युद्धलाई 'मेक्सिकन वार' भन्ने गरिन्छ । यो युद्ध यी दुई पक्षबीच सन् १८४६ देखि १८४८ सम्म भएको थियो ।

अमेरिकाभित्र नै पनि युद्ध भएको थियो र यो युद्धलाई 'अमेरिकन सिभिल वार' तथा 'सिभिल वार' भन्ने गरिन्छ । यो युद्ध सन् १८६१ देखि १८६५ सम्म अमेरिकाभित्र नै भएको थियो । यो युद्ध अमेरिकी राज्यहरूको बीचमा भएकोले यसलाई 'वार बिट्विन द स्टेट्स' पनि भन्ने गरिन्छ ।

अमेरिकाले स्पेनसँग पनि युद्ध लडेको छ । अमेरिका र स्पेनबीच भएको युद्धलाई 'स्पेनिश-अमेरिकन वार' भन्ने गरिन्छ । यो युद्ध सन् १८९८ देखि १९०२ सम्म चलेको थियो ।

सन् १९१७ देखि १९१८ र सन् १९४१ देखि १९४५ सम्म चलेको क्रमशः प्रथम र दोस्रो विश्वयुद्धमा पनि अमेरिकाले भाग लिएको थियो । प्रथम विश्वयुद्धमा ५३ हजार ४०२ र दोस्रो विश्वयुद्धमा दुई लाख ९१ हजार ५५७ अमेरिकी (योद्धा)हरूको ज्यान गएको थियो ।

उत्तर कोरिया र दक्षिण कोरियाबीच भएको कलहमा दक्षिण कोरियालाई सहयोग गर्नका लागि अमेरिकाले गरेको युद्धलाई 'कोरियन वार' भन्ने गरिन्छ । यो युद्धमा अमेरिकाले दक्षिण कोरियालाई सैन्य सहयोग गरेको थियो भने उत्तर कोरियालाई तत्कालीन सोभियत सङ्घले सैन्य सहयोग गरेको थियो । यो युद्ध सन् १९५० देखि १९५३ सम्म चलेको थियो । र यो युद्धमा ३३ हजार ७३९ अमेरिकी योद्धाको ज्यान गएको थियो ।

तत्कालीन दक्षिणी भियतनामलाई सहयोग गर्न अमेरिकाले तत्कालीन उत्तरी भियतनामसँग गरेको युद्धलाई 'भियतनाम वार' भन्ने गरिन्छ । भियतनाम वार सन् १९६४ देखि १९७५ सम्म चलेको थियो । त्यो युद्धमा उत्तरी भियतनामलाई तत्कालीन सोभियत सङ्घ र चीनले सहयोग गरेका थिए भने दक्षिणी भियतनामलाई अमेरिकाले सहयोग गरेको थियो । यो युद्धमा ४७ हजार ४३४ अमेरिकी योद्धा मारिएका थिए ।

कुवेतलाई स्वतन्त्र पार्न पनि अमेरिकाको नेतृत्वमा इराकसँग युद्ध भएको थियो । अगस्त २, १९९० मा इराकले कुवेतलाई आफ्नो सीमामा गाभ्न कुवेतमाथि आक्रमण गरेको थियो । कुवेतलाई इराकबाट मुक्त गर्नका लागि अमेरिकाको नेतृत्वमा ३५ राष्ट्र सङ्गठित भएका थिए । अमेरिका र यसका सहयोगी राष्ट्रहरू तथा इराकको बीचमा सन् १९९० देखि १९९१ सम्म युद्ध भएको थियो । यो युद्ध दुई चरणमा भएको थियो । पहिलो चरण २ अगस्त १९९० देखि १७ जनवरी १९९१ सम्म र दोस्रो चरण १७ जनवरी १९९१ देखि २८ फेब्रुअरी १९९१ सम्म भएको थियो । पहिलो चरणको युद्धको नाम 'अपरेशन डेजर्ट शिल्ड' दिइएको थियो भने दोस्रो चरणको युद्धको नाम 'अपरेशन डेजर्ट स्टोर्म' नाम दिइएको थियो ।

यसरी अमेरिकाले अन्य राष्ट्रको स्वतन्त्रताको रक्षाका लागि पनि युद्ध गरेको पाइन्छ । यदि इजरायललाई अमेरिकाको सहयोग प्राप्त नहुने हो भने, इजरायललाई अमेरिकाले सहयोग गर्न बन्द गर्ने हो भने, अमेरिकाले त्यस्तो गरेको भोलिपल्ट नै इरानले इजरायलमाथि आक्रमण गर्नेछ ।

"यो संसारमा इजरायल भन्ने देश नै छैन," इरानले वर्षौंदेखि भन्दै आएको छ । इरानले इजरायलको अस्तित्व स्वीकार गर्दैन । इरानले अप्रत्यक्षरूपमा अनेक किसिमबाट इजरायलमाथि हमला गर्दै आएको छ । इजरायललाई अमेरिकाको सहयोग प्राप्त नहुने हो भने इरानले कुनै पनि बेला इजरायलको अस्तित्व सदाको लागि समाप्त पारिदिन सक्छ ।

# डेलिरियम अथवा मतिभ्रम वा अर्द्धबेहोशी

पाठकवृन्द डेलिरियम वा मतिभ्रमको विस्तृत वर्णन गर्नुभन्दा पहिले म एउटा उदाहरण दिन चाहन्छु ताकि त्यसलाई राम्ररी बुझ्न सकियोस् । मेरी आमालाई ब्रेन स्ट्रोक भयो र उनी दायाँपट्टिको


वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**यसरी डेलिरियम कन्फ्युजनको त्यो अवस्था हो, जसमा बर्बराउनु, घबराहट, ट्रेमर र हालिजिनेशन तथा इल्युजन पनि देख्न सकिन्छ । जसरी बादलले आकाशलाई छोपिदिन्छ, त्यसरी नै डेलिरियमले चेतनारूपी आकाशलाई छोपिदिन्छ र त्यसलाई 'क्लाउडिङ अफ कन्सससनेस' पनि भनिन्छ ।**

अङ्गाङ्गले ग्रसित भइन् । हामीले हतपत आमालाई अस्पताल पुऱ्याऔं । त्यहाँ के देखियो भने उनका दायाँ अङ्गहरू त चलेनन् नै साथै बेलाबेलामा उनी भए नभएको कुरा पनि गर्न थालिन् । ठीक कुरा गर्दागर्दै उनले त्यस्तो पनि गर्न थालिन् । त्यति बेला उनी के भन्न थालिन् कि हो बबुआ हेर त कसरी तिम्रो बुबा लकदक सेतो पोशाकमा शङ्कर ठाकुरसँगै अघ्यामा गइरहेका छन् । गएर मेरोलागि पनि प्रसाद ल्याइदेउ न । हामी मुखामुख गर्न थाल्यौं र तुरुन्तै उनी फेरि सामान्य कुरा गर्न थालिन् र फेरि केही बेरपछि त्यही अघ्यामको कुरा । एकै छिनपछि फेरि ठीक । पाँच दिनसम्म आमा त्यही हालतमा रहिन् । औषधि हुँदै गयो । एक सप्ताहपछि अङ्गाङ्ग त रहिरहयो तर अघ्यामको कुरा हरायो । यही हो डेलिरियम ।



ब्रेन स्ट्रोक सोको कारण थियो तथा अङ्गाङ्ग र डेलिरियम त्यसका लक्षण थिए । त्यस डेलिरियममा उनले अघ्यामको कुरा भन्नुलाई हालिसिनेशन भनिन्छ । हालिसिनेशन त्यस भ्रमलाई भनिन्छ, जसमा विनाअस्तित्व पनि कुरालाई देखिन्छ । अस्पतालमा कुनै अघ्याम नै भइरहेको छैन तर रोगीले हेरिरहेको छ । यसको विपरीत हुन्छ, इल्युजन जसमा वातावरणमा कुनै अस्तित्व त छ तर रोगीले त्यसलाई गलतरूपले हेरिरहेको हुन्छ । बाटोमा रस्सी छ । हामीले त्यसलाई रस्सी नै देख्छौं । तर मतिभ्रमको रोगीले त्यसलाई साँप देख्छ र डराउँछ । डेलिरियममा यी दुवै वा दुवैमध्ये कुनै एक देख्न सकिन्छ ।

डेलिरियमको उत्पत्ति लैटिन शब्द 'डेलिरो'बाट भएको हो, जसको मतलब ट्याकबाट बाहिर जानु हो । मतलब यो कि सोचको जुन स्वाभाविक र सामान्य लय हुन्छ, रोगी त्यसबाट बाहिर गएर कुरा गर्छ । पहिलो शताब्दीमा सेल्सस नामक वैज्ञानिकले पहिलोपटक यसको प्रयोग गरे तर यसको विस्तृत विवरण सन् १९५९ मा एन्जेल र रोमानो नामक वैज्ञानिकले दिए ।

यसरी डेलिरियम कन्फ्युजनको त्यो अवस्था हो, जसमा बर्बराउनु, घबराहट, ट्रेमर र हालिजिनेशन तथा इल्युजन पनि देख्न सकिन्छ । जसरी बादलले आकाशलाई छोपिदिन्छ, त्यसरी नै डेलिरियमले चेतनारूपी आकाशलाई छोपिदिन्छ र त्यसलाई 'क्लाउडिङ अफ कन्सससनेस' पनि भनिन्छ । जसरी बादल यताउति घुमिरहन्छ र बीचबीचमा आकाश देख्न सकिन्छ । त्यस्तै डेलिरियमरूपी क्लाउडिङमा पनि उतारचढाव भइरहन्छ र बीचबीचमा चेतना देखिन्छ ।

मेरी आमाको त एउटा उदाहरण मात्र हो तर त्यस्तै अथवा अलि भिन्न किसिमले अनगिन्ती कारणले डेलिरियम देख्न सकिन्छ । हैजा अथवा बढी पखाला चल्दा इलेक्ट्रोलाइटको अधिक गडबडी भएर, त्यस्तै मुटुरोग वा आक्सिजनको अत्यधिक कमी, अत्यधिक रक्तस्रीसेवन वा एक्कासि रक्सी छोड्नुले पनि डेलिरियम देखिन्छ । यसको अनन्त कारणले नै के देखिन्छ भने अस्पतालको आकस्मिक सेवामा सबैभन्दा बढी डेलिरियमका रोगी नै भर्ती हुन्छन् । अतः डेलिरियमका विस्तृत कारण निम्नलिखित छन् :

**मेटाबोलिक:** हाइपोक्सिया वा आक्सिजनको कमी, हाइपोग्लासिमिया वा रगतमा ग्लुकोजको कमी, कलेजो र मिर्गौला रोगले ब्रेनमा पर्ने असर, मुटु फेल हुनु, पानी र इलेक्ट्रोलाइट सन्तुलनमा गडबडी, एसिडोसिस र अल्केलोसिस, अत्यधिक ज्वरो र अत्यधिक रक्ताल्पता आदि ।

**अन्तःस्रावी ग्रन्थिका कारण:** पिटचुटरी, थायरायड र पाराथायरायड तथा एड्रिनल हार्मोनको अत्यधिक कमी वा बढी हुनु ।

**औषधि र जहर:** डिजिटलिस जसलाई मुटुरोगमा प्रयोग गरिन्छ । रक्तचापको औषधि, अल्कोहल र शान्त पार्ने औषधिहरू, कम्पन कम गर्ने औषधि र स्टेरायडको अधिक प्रयोग आदि ।

**भोजनतत्त्वको कमीका कारण:** भिटामिन बी १ को कमी, भिटामिन ६ र १२ तथा प्रोटिनको कमी ।

**शरीरभित्रको सङ्क्रमण:** सेप्टिसिमिया, न्युमोनिया, इन्डोकार्डाइटिस आदि ।

**खप्परभित्रका कारण:** छारेरोग, हेड इन्जुरी, मेनिन्जाइटिस, सिरेब्रल मलेरिया, माइग्रेन, ब्रेन स्ट्रोक, क्यान्सर आदि ।

**अर्का विभिन्न कारणहरू:** पोस्टअपरेटिभ स्टेज, स्लीप डिप्रेसन, हेल्थ डिटोरिएशन, रेडिएशन आदि ।

अब यो जानौं कि डेलिरियमलाई कसरी पहिचान गर्ने ? यो अक्सर एक्कासि शुरू हुन्छ । यसमा क्लाउडिङ अफ कन्सससनेस हुन्छ । विभिन्न प्रकारका हालिसिनेशन वा इल्युजन रोगीमा देखिन्छन् । यसमा जाग्ने र सुत्ने चक्र गडबड हुन्छ । मानिस राति सुत्न सक्दैन तर दिउँसो हरदम अनिदो अवस्थामा हुन्छ । बेलुका र रातमा रोगले बढी च्याप्छ, जसलाई सनडाउनिङ भनिन्छ । रोगीमा साइकोमोटर गडबडी हुन्छ अर्थात् विचित्र प्रकारको पोजिशनमा बस्नु वा उभिनु अथवा कम्पन गर्नु । यसको अलावा रातमा अक्सर उद्वेलित हुनु, आवाज धेरै मद्धिम हुनु, हातखुट्टा काम्नु, फोसिलेशन अवस्था बेडकभर, सिरानी आदिलाई नोच्नु आदि देखिन्छ ।

**प्रिडिस्पोजिङ फैक्टर:** यसको मतलब हुन्छ कि कुन कुन अवस्थामा डेलिरियम बढी हुने सम्भावना हुन्छ । ती भने निम्नलिखित हुन्- ब्रेन डैमेज अथवा डिमेन्सिया, एक्सट्रिम एज अर्थात् धेरै बुढेसकाल अवस्था वा धेरै युवावस्था, पहिले इतिहास भएकोमा, ड्रग डिपेन्डेन्टहरूमा, ब्रेनका रोगहरूमा, लामो समयको अस्वस्थतामा, भय, चिन्ता आदि समयमा आदि । यसमा एउटा कुरा ख्याल गर्नुपर्ने के छ भने कुनै रोगीमा रोगलाई सहने शक्ति बढी हुन्छ र कुनैमा कम । जब यो सहने शक्ति कम हुन्छ र उपरोक्त फैक्टर आएर मिल्छन्, तब रोग देखा पर्छ । यसलाई रोगीको थ्रेसहोल्ड भनिन्छ ।

**डेलिरियमको निदान:** डेलिरियमको डायग्नोसिस छिटोभन्दा छिटो गर्नुपर्छ अन्यथा रोगी फर्कन नसकिने कोमा अथवा बेहोशीमा जान्छ, जसमा मृत्यु निश्चित हुन्छ । जसरी हैजामा छिटो पत्ता लगाएर फ्ल्युइड रिप्लेस गरियो भने रोगी पूर्णतः ठीक हुन्छ, अन्यथा मर्छ । यसरी धेरै डेलिरियम ठीक हुने खालका हुन्छन् । निदानमा यदि कारण थाहा छैन भने तुरुन्त सिविसी, युरिन एनालिसिस, ब्लड ग्लुकोज, लिभर फङ्सन टेस्ट, युरिया, क्रिएटिनिन, एक्स-रे चेस्ट र हेड, थायरायड फङ्सन टेस्ट, सिएसफ, भिडिआरएल र हिभ टेस्ट, इइजी, इसिजी, सिटी, एमआरआई गरेपछि अवश्य कारण पत्ता लाग्छ । त्यसपछि उपचार गर्न सजिलो हुन्छ, जुन निम्नलिखित अनुसार छन् :

१. कारण पत्ता लागेपछि यदि हाइपोग्लाइसिमिया छ भने ५० मिलीग्राम डेक्सट्रोज नसाबाट दिनुस्, यदि हाइपोक्सिया छ भने आक्सिजन सिलिन्डरले तुरुन्त पर्याप्त आक्सिजन दिनुस् ।

२. यसको अलावा भिटामिन बी १, ६ र १२ लाई नसाबाट दिनुस् ।

३. लक्षण अनुसारको औषधि : यदि मान्छे उद्वेलित छ भने दुई मिली डायजिपाम नसाबाट दिएर हेलोपेरिडाल वा लोराजिपाम भन्ने औषधि ठीक नहुन्जेल अथवा एक सप्ताहसम्म दिनुस् ।

४. सपोर्टि मेडिकल र नर्सिङ केयर पनि त्यत्तिकै आवश्यक हुन्छ, जसरी बेलाबेलामा चिकित्सक आएर समीक्षा गर्ने, समयमा औषधि, खाना र बेडका सरसफाइ आदि । अस्तु ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

किनकि कुनै पनि व्यक्ति न त २४सैं घण्टा बहिर्मुखी हुन सक्छ, न त २४सैं घण्टा अन्तर्मुखी हुन सक्छ । यस्तो मानिसले धन पनि कमाउँछ र ध्यानको पूँजी पनि कमाउँछ । धनले सुविधा दिन्छ, ध्यानले शान्ति दिन्छ । मानिसलाई सुविधा पनि चाहिन्छ, शान्ति पनि चाहिन्छ । ओशोको अनुसार हामी मानिसलाई शारीरिक, मानसिक, सामाजिक र आत्मिक गरी चार भागमा बाँड्न सक्छौं । यी चारै आयामको विकास हुन सक्यो भने मानिसको पूर्ण विकास हुन सक्छ । शारीरिक तलमा मानिस पूर्णरूपमा स्वस्थ होस्, यसको लागि उसले शरीरको ठीकसँग भरणपोषणको लागि उचित आहार लियोस्, उसले आफ्नो शरीरको ख्याल राखोस् । मानसिक तलमा मानिसले सम्यक ज्ञान हासिल गरोस्, उसको चिन्तनमनन वैज्ञानिक, तर्कपूर्ण होस्, अन्धविश्वास पूर्ण नहोस्, उसको चित्त पूर्वाग्रहले ग्रसित नहोस् । जे उचित छ, जे श्रेष्ठ छ, जे कल्याणकारी छ, त्यसलाई स्वीकार गर्न तत्पर होस् । सामाजिक तलमा ऊ सम्यक सम्बन्धको पूर्णरूपमा ख्याल गरी समाजमा आदर्श व्यक्तिको रूपमा जीवनयापन गरोस् । आत्मिक तलमा मानिस आत्मस्मरणसहित कर्म गरोस् । गुरु र गोविन्दको सुमिरनमा बाँचोस् । केवल बुद्धिको भरमा परेर आफ्नो हृदय नसुकाओस् । हामीभित्र दिल र दिमाग दुवै छन्, यी दुवैलाई हामीले बराबरी ऊर्जा दिनुपर्छ, जसले गर्दा हाम्रो दिमागको साथसाथै दिलको पनि विकास होस् । जसले गर्दा हामी हार्दिक, भावुक हुन सकौं । मानिसहरूसँग भावनात्मकरूपमा जोडिन सकौं । हाम्रो जीवन प्रेमपूर्ण, मैत्रीपूर्ण तथा मधुर सम्बन्धपूर्ण होस् ।

बुद्धिले भन्दा धेरै तृप्ति हृदयले दिन्छ । मानिस जति बुद्धिमान भएपनि उसको जीवनमा तृप्ति छ कि छैन भन्न सकिंदैन । ऊ जबसम्म हृदयको तलमा जीवन जिउँदैन, तबसम्म उसको जीवनमा सन्तुष्टि आउँदैन । ऊ ठूलो पदमा पुगे पनि विश्वकै सबैभन्दा धनी मानिस बने पनि यदि उसको हृदय कुण्ठित, दमित र अविकसित छ भने उसको जीवनमा कहिल्यै पनि सन्तोष आउँदैन । ऊ असन्तुष्ट भएर बाँच्नेछ र अतृप्त भएर नै मर्नेछ । अहिलेको विश्वमा धर्मको नाउँमा जुन पाखण्ड चलिराखेको छ, त्यो कुरा सर्वसाधारण जनताको सामुन्नेमा ल्याउनु जरुरी छ । खाली पाखण्ड उजागर गरेर हुँदैन । धार्मिकताको सार तत्त्वलाई पनि सुस्पष्ट गर्नुपर्छ । यस सार तत्त्वलाई हामी दुई भागमा बाँडेर बुझ्न सक्छौं । एउटा सङ्कल्प मार्ग, दोस्रो समर्पण मार्ग ।

सङ्कल्प मार्गमा ध्यान, योग इत्यादि पर्छन् र समर्पण मार्गमा भक्ति, पूजा, प्रार्थना पर्छन् । एउटा पाखण्डयुक्त पूजा हुन्छ तर एउटा वास्तविक पूजा पनि हुन्छ । हामीसँग भएका उपनिषद्मध्ये एउटा अद्भुत उपनिषद् छ, त्यसको नाम आत्मा पूजा उपनिषद् हो । यसमा वास्तविक उपासनाको बारेमा बताइएको छ । प्रार्थनाका दुई रूप छन् । एउटा प्रार्थना यस्तो छ कि जसलाई मानिसहरू राम्ररी जान्दछन्, त्यो प्रार्थना हो माग्नु, याचना गर्नु, हात फैलाउनु, गिडगिडाउनु, रुनु, हे प्रभु यस्तो गरिदेऊ, उस्तो गरिदेऊ भन्नु । परमगुरु ओशो भन्छन्- यो त हामी भगवान्‌सँग उनकै सिकायत गरिराखेका छौं । हामीहरू अस्तित्वलाई आफूखुशी झुकाउने कोशिश गरिरहेका छौं । हामीहरू भगवान्‌सँग भनिरहेका छौं- हे प्रभु ! हजुरले जे गरिरहनुभएको छ, त्यो गलत छ । हजुरभन्दा हामी जान्ने छौं, हाम्रो सुझाव सुनेर त्यही अनुसार गरिदिनोस् ।

क्रमशः

### भ्यागुताको ...

दुलही बन्नेले बोल्यो- "मैले सपनामा देखेको, हाम्रो कुलदेवता रिसाएर पानी नपरेको रे ।" ट्वार्र ... ट्वार्र ... ।

बूढो- "किन रिसाएका नि हाम्रा कुलदेवता ।" ट्वार्र ... ट्वार्र ... ।

"हाम्लाई हो कि माछालाई मार्न जहर राखेको रे मनुवाले पानीमा । अनि हामी बस्ने घाँस, लुक्ने दुलो सबैको पानी सुकादेको रे । नदीनालामाथि प्रहारमाथि प्रहार गरेको रे । तसैले ।" ट्वार्र ... ट्वार्र ... ।

बूढो बोल्दाबोल्दा थाकिसकेको थियो । दुलोभित्र लुक्न खोज्दै मनमनै सोच्यो- "भ्यागुता र भ्यागुती पनि चिन्न नसक्नेले बिहे गराउँदा पनि पानी पर्छ त ?" ट्वार्र ... ट्वार्र ... ।

बूढोलाई लुक्न खोजेको देखेर आफू पनि सतर्क हुँदै दुलही बन्नेले बक्यो- "भ्यागुता-भ्यागुतीको बलजफ्ती बिहे गराउँदा पानी पर्ने भए घुन-घुनीको विवाह गराउँदा गहुँ बसंनुपर्थ्यो नि । अन्धविश्वासको पनि सीमा हुन्छ । मनुवाहरूले वातावरण बिगार्ने र दुःख चैं भ्यागुताहरूलाई दिने । हाम्रा सन्तानहरू लोप हुँदैछन्, मनुवाहरूकै व्यवहारले । कहिले कुरो बुझ्ने होला ?" ट्वार्र ... ट्वार्र ... । "सबै अन्धविश्वास मान्छेमै हुनुपर्ने ।" ट्वार्र ... ट्वार्र... ।"

हातमा घैंटो लिएको एउटा मनुवालाई आफूतर्फ आउँदै गरेको देखेर बूढो र दुलही बनेका दुवै भ्यागुता थर्कमान भए । - मित्रनगर, गरुडा-४, रौतहट

## अन्तर्राष्ट्रिय समाचार

# आसाममा बाढी, २९ हजार मानिस प्रभावित


तस्वीरः एएनआई

गुवाहाटी, १ असार/सिन्हवा

आसाम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए)ले बिहीवार आसामको अवस्था अझै भयावह रहेको र छ जिल्लाका करीब २९ हजार मानिस बाढीबाट प्रभावित भएका जनाएको छ।

एएसडिएमएले आसाम र अरुणाचल प्रदेशमा लगातारको वर्षाका कारण धेरै नदीमा पानीको स्तर बढ्दै गएको र लखीमपुर, धेमाजी, डिब्रुगढ, कछार, नलवारी र कामरूप (मेट्रो) जिल्लाका १० प्रशासन केन्द्र अन्तर्गत २५ गाउँ र अन्य क्षेत्रमा बाढीको पानी पसेको जनाएको छ।

एएसडिएमएको बाढी प्रतिवेदन अनुसार बाढी प्रभावित जिल्लामा २१५.५७ हेक्टर खेतीयोग्य जमीन डुबानमा परेको छ। लखीमपुर जिल्लामा मात्रै एक हजार २१५ बालबालिकासहित २३ हजार ५१६ जना प्रभावित भएका छन्।

एएसडिएमएका अनुसार बाढी प्रभावित लखीमपुर जिल्ला प्रशासनले तीनवटा राहत वितरण केन्द्र स्थापना गरेको छ र बाढी प्रभावितको उद्धारका लागि उद्धार टोली परिचालन गरेको छ।

बाढीका कारण कुखुरासहित छ हजार ३०७ पशुचौपायासमेत प्रभावित भएका छन्। बिहीवार आएको बाढीले ढेमाई, विश्वनाथ, गोलपाडा र लखीमपुर जिल्लाका चारवटा तटबन्ध र चारवटा सडकमा क्षति पुर्‍याएको छ।

एएसडिएमएका अनुसार विगत केही दिनयता परेको वर्षाका कारण कछार र कामरूप (मेट्रो) जिल्लामा पनि केही पहिरोका घटना भएका छन्। रासस

# छिटो सुत्ने र ढिलो उठ्ने कुरा अल्पायुमा मृत्यु हुने सम्भावनासँग असम्बद्ध : अध्ययन

पेरिस, १ असार/एएफपी

लामो रातसम्म रक्सी र धुम्रपान प्रयोग नगरी बिहान अबेर गरी उठ्ने व्यक्तिको भन्दा छिटो उठ्ने व्यक्तिको कम उमेरमैं मृत्यु हुने सम्भावना हुने ३७ वर्ष लामो एक अध्ययनले देखाएको छ।

यसअघिका अनुसन्धानले राति अबेरसम्म जागा रहने र बिहान ओछ्यानबाट बाहिर निस्कन कठिन हुने व्यक्तिलाई विभिन्न प्रकारका स्वास्थ्य समस्या हुने सम्भावना बढी रहने देखाएका थिए।

सन् २०१८ मा बेलायतमा गरिएको एउटा अध्ययनले ६.५ वर्षको अवधिमा बिहानीपखको तुलनामा साँझमा मर्ने जोखिम १० प्रतिशत बढी हुने देखाएको थियो। यसको अर्थ निदाएको समयमा मृत्यु हुने जोखिम अत्यधिक हुने गर्छ।

यो चिन्ताजनक समाचार भए तापनि उक्त अनुसन्धानले ती मृत्युका पछाडि रक्सीको सेवन जस्ता कारकहरूलाई ध्यानमा राखेको पाइने गरेको थिएन। त्यसैले फिनल्यान्डका अनुसन्धाताहरूले क्रोनोबायोलोजी इन्टरनेशनल नामक जर्नलमा प्रकाशित एक अध्ययनमा यसबारे थप खोजी गरेका थिए।

सन् १९८१ मा फिनल्यान्डमा २४ हजार उही लिङ्गका जुम्ल्याहा बच्चामा यो अध्ययन गरिएको थियो। उनीहरूलाई उनीहरू बिहान वा साँझमा निदाउँछन् भनेर पहिचान गर्न सोधिएको थियो।

अध्ययनमा सहभागीमध्ये एक तिहाइले उनीहरू केही हदसम्म साँझमा निदाउने गरेकोजस्तो लागेको बताएका थिए अर्थात् १० प्रतिशतले उनीहरू निश्चितरूपमा साँझमा नै निदाउने गरेको बताएका थिए।

बाँकी सबैले बिहानको निद्रा प्यारो लाग्ने बताएका थिए।

रात्रिकालीन समयमा सक्रिय हुने उनीहरूले आफूलाई बैंसालु उमेरको भन्न रुचाएका धेरैले बढी रक्सी पिउने र चुरोट पिउने गर्थे।

सन् २०१८ मा अनुसन्धानकर्ताहरूले अध्ययन गर्दा २४ हजारमध्ये आठ हजार ७०० भन्दा बढी जुम्ल्याहा बच्चाको मृत्यु भइसकेको थियो।

यो ३७ वर्षको अवधिमा अनुसन्धानकर्ताहरूले रातिमा सक्रिय हुने व्यक्तिहरूमा सबै कारणबाट मृत्युको जोखिम नौ प्रतिशत बढी हुने देखाएको थियो।

यो सन् २०१८ को अध्ययनको समान दर हो। तर यो भिन्नता 'मुख्यतया धुम्रपान र रक्सीको कारण' रहेको अध्ययनमा उल्लेख गरिएको छ।

धुम्रपान नगर्ने तर हल्का रक्सी पिउने रातिमा सक्रिय हुने व्यक्तिहरू बिहान ढिलोसम्म सुत्ने मानिसहरूको तुलनामा पहिले मर्ने सम्भावना बढी नहुने उक्त अनुसन्धानले देखाएको छ।

अध्ययनका प्रमुख लेखक फिनिश इन्स्टिच्युट अफ अकुपेशनल हेल्थका क्रिस्टर हब्लिनले एएफपीसँग भने, "रातिमा सक्रिय रहने र धुम्रपान तथा मद्यपान नगर्ने व्यक्तिले अकालमैं मृत्युको जोखिम कम गर्न चाहेमा कम गर्न सक्छ भन्ने नतीजाले देखाएको छ।

उनले भने, "साँझपख मानिसहरूले आफूले प्रयोग गरिरहेको रक्सी र सुर्तीको मात्राबारे गम्भीरतापूर्वक सोच्नुपर्छ।"

हब्लिनका अनुसार अन्य कारकहरूभन्दा पनि क्रोनोटाइप (मानिसहरूको छिटो सुत्ने समय)ले उनीहरूको मृत्युदरमा 'थोरै वा कुनै' पनि योगदान छैन।

क्याम्ब्रिज युनिभर्सिटीका क्रोनोटाइप अनुसन्धानकर्ता जीवन फर्नान्डोले एएफपीसँग भने, "यो अनुसन्धान सही भएपनि अनुसन्धानका केही सीमितता छन्।"

उनले भने, "सहभागीहरूले बिहान वा साँझमा मात्र सक्रिय मानिसहरूको रूपमा मात्र आत्मपहिचान गर्नु 'असन्तोषजनक' थियो किनभने यसमा कुनै पनि वस्तुगत जानकारी समावेश गरिएको थिएन।"

अध्ययनमा रक्सी र सुर्तीजन्य पदार्थबाहेक अन्य लागूपदार्थलाई पनि समावेश गरिएको छ। उनले भने, "विशेषगरी कोकिनलाई छिटो सुत्नेदेखि ढिलो उठ्ने व्यक्तिहरूसँग जोडिएको र उनीहरूको परिवर्तनका बारेमा उल्लेख गरिएको थियो।"

फर्नान्डोले यसअघि रातको समयमा ढिलोगरी सुत्ने व्यक्तिको मानसिक स्वास्थ्य खराब हुने र विशेषगरी चिन्ता हुने र लागूपदार्थको प्रयोगले समस्यालाई अझ चर्काउन सक्ने अनुसन्धानको नेतृत्व गरेका थिए। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — कान्तिक्षय | वृष — सुयश |
| मिथुन — खर्चवृद्धि | कर्कट — धनलाभ |
| सिंह — सफलता | कन्या — अलमल |
| तुला — रोगभय | वृश्चिक — व्यापारवृद्धि |
| धनु — शत्रुभय | मकर — चोरभय |
| कुम्भ — भयचिन्ता | मीन — विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### जेठ ...

बकैयाखोला, भक्तलाललगायत खोलाका चार स्थानमा थुप्रिएका ग्राभेल, ढुङ्गालगायत नदीजन्य पदार्थ हटाइ च्यानलाइज गर्न जिल्ला विपत् व्यवस्थापन समितिलाई आग्रह गरेको थियो। त्यसपछि फागुन महीनाको दोस्रो सातामा जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवं बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटासहितको टोलीले खोलाको अनुगमन गरेको थियो।

अनुगमनपश्चात् निजगढ नगरपालिका-४ पुरानो निजगढस्थित बकैया खोलामा एक किलोमिटर लम्बाइ र लालखोलामा पाँच सय मिटर लम्बाइका दुई स्थानमा च्यानलाइज गर्न प्राविधिक टोलीले स्थलगत अनुगमन गरी जिल्ला विपत् व्यवस्थापन समितिलाई बुझाएको प्रतिवेदनका आधारमा २०८०/०१/२८ गते जिल्ला विपत् व्यवस्थापन समिति, बाराले निर्णय गरेपछि निजगढ नगरपालिकाले जेठ १३ देखि जेठ ३२ गतेसम्म खोलाको धार सोझ्याउन च्यानलाइज कार्य गरेपछि अहिले रोकेको छ।

च्यानलाइज गर्दा सङ्कलन हुने नदीजन्य पदार्थले तटबन्ध गरी बाँकी रहेको नदीजन्य पदार्थ राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको काठमाडौं तराई-मधेस द्रुतमार्ग आयोजना निर्माणका लागि अन्तर्राष्ट्रिय निर्माण व्यवसायी सिएएमसिई/एसडिएल जेभी चिनियाँ कम्पनीले २०७९/०९/०३ गते निजगढ नपासँग सम्झौता गरी आवश्यक निर्माण सामग्री नदीजन्य पदार्थको नगरपालिकाले प्रतिघनफिट मूअकबाहेक चार रुपियाँ ५० पैसा राजस्व लिई ३५ हजार घनमिटर अर्थात् १२ लाख ३४ हजार ८०० घनफिट उपलब्ध गराएको थियो। जसबाट निजगढ नपाले ६२ लाख ८५ हजार १४७ रुपियाँ राजस्व सङ्कलन गरेको छ।

त्यसैगरी, स्थानीय नेपाल बालुवा प्रशोधन उद्योगलाई दुई हजार घनमिटर अर्थात् ७० हजार ५६० घनफिट र शङ्कर स्टोन क्रसरलाई दुई हजार घनमिटर अर्थात् ७० हजार ५६० घनफिट नदीजन्य पदार्थ उपलब्ध गराएबापत सात लाख १८ हजार ३०२ रुपियाँ गरी कुल ७० लाख तीन हजार ४४९ रुपियाँ नगरपालिकाले राजस्व सङ्कलन गरेको छ। उद्योगहरूलाई नदीजन्य पदार्थ उपलब्ध गराइदिन भन्दै स्थानीय क्रसर उद्योगहरूले पाँच/पाँच हजार घनमिटर अर्थात् एक लाख ७६ हजार ४०० घनफिट नदीजन्य पदार्थ उपलब्ध गराइदिन भन्दै निजगढ नपामा निवेदन दिएका थिए। तर निजगढ नपा-४ का नेपाल बालुवा प्रशोधन उद्योग र शङ्कर स्टोन क्रसर उद्योगबाहेक अन्य क्रसर उद्योगहरूले अग्रिम राजस्व बुझाएनन्।

वडा नं ९ स्थित अधिकांश क्रसर उद्योगमा सयौं ट्याक्टर नदीजन्य पदार्थ अवैधरूपमा भित्रिएको छ। अवैधरूपमा भित्रिएका नदीजन्य पदार्थलाई कानूनी दायरामा ल्याउनेतर्फ निजगढ नगरपालिकाले कुनै कारबाई प्रक्रिया अघि बढाएको छैन। नगरपालिकालाई अग्रिम राजस्व बुझाइ बढी देखिन आएका र कुनै राजस्व नबुझाइ क्रसर उद्योगहरूमा भित्रिएका नदीजन्य पदार्थलाई कानूनी दायरामा ल्याउने प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौलाले बताए।

### सुर्खेत ...

वर्षकी ज्योति शाह चाहिं ऐय्याआत्थु केही नभनी अचल बसिरहिन्। बल्ल बेलुकापख हामी स्वर्गद्वारी पुग्यौं। हतारहतार अग्लो ६०० खुडकिलो चढेर मन्दिरको प्रवेशद्वारतिर लाग्यौं। सबैभन्दा अगाडि ज्योति शाह ठिमठिम पर्दै हिंडिरहेकी थिइन्। पछिपछि अरूहरू थिए। तर पचास खुडकिलोपछि ज्योति शाह पछाडि परिन्। कसैले सहारा दिन खोज्दा लिन नमान्ने उनले अनौठी स्वभाव देखाइन्। एवं क्रमले कोही अलि छिटो, कोही ढिलो माथि मन्दिरसम्म पुगे। मन्दिर परिसर निकै आकर्षक, फराकिलो र मानिसको चहलपहलले जीवन्त थियो। म केही अगाडि पुगेकोले अरूहरूको प्रतीक्षा गर्न थालें। बिस्तारै सबै आइपुगे तर ज्योति शाहको पत्तो थिएन। पछि आउने सुरेन्द्रजीसँग सोधें उनले-तपाईंहरू जाँदै गर्नुस्, सके भनें आउँला, नसके यहींबाट नमस्कार गरूँला-भन्ने ज्योति शाहको भनाइ सुनाए। मेरो मन मानेन। म तल झरें। अन्तिम उकालो लामो थियो, ज्योति शाह त्यहाँसम्म आइपुगेकी थिइन्। मैले सहायताका लागि हात लम्काउँदा आफैं उक्लन्छु भनिन् र बिस्तारैबिस्तारै मन्दिरको प्रवेशद्वारसम्म पुगिन्। सबैले घुमफिर गरे। अतिशय भक्ति भएका साथीहरू अलमलिने निहु गर्न थाले। आरती हेरेर भगवान्को दर्शन गरेर मात्र फर्कने ध्येयले। त्यहाँबाट झन्डै ७० किलोमिटर टाढा भालुवाङसम्म पुगेर कहीं वास बस्नुपर्ने थियो। बाटोको थकाइ त थियो नै ६०० खुडकिलोले सबैलाई हायलकायल पारेको थियो। सुर्खेत जाँदा छिर्न नपाएको नरपानी रिसोर्ट र सुपा देउरालीमैं वास बसौं न त भन्ने अव्यक्त चाहना केहीमा थियो। थकाइले छिटै कतै वास बसौं भनिरहेको थियो। तर नगएको ठाउँ, पुगि नै हालौं, यति लामो बाटो फेरि कहिले आइएला भन्ने सुषुप्त धोको भने कसैकसैमा जीवित थियो। त्यो मनसाय गाडी मालिकले व्यक्त गरेको भए हुन्थ्यो। वा राति यतै कसै वास बसेर भोलिपल्ट बिहानै पनि सुपा देउरालीको दर्शन र नरपानी रिसोर्टमा नबसे पनि, त्यहीं खाना खाएर राति अबेरसम्म वीरगंज पुग्न सकिन्थ्यो। तर स्वर्गद्वारीबाट फर्कन गाडीमा चढेदेखि नै रामानन्दले भोलि जसरी पनि वीरगंज पुग्नुछ, फलानोको बिहेको निम्तो छ, फलानो ठाउँमा पूजा छ, दुई भाइ छोराले केके भ्याउँछन्, सामाजिक व्यवहार त छुट्नु भएन नि ! उनको यस्तो निरन्तर गन्थनले सुपादेउराली जाने चाहना अघि सार्ने ह्याउ कसैमा भएन। म चाहिं उनको हाइस्कूलदेखिकै सहपाठी भएकोले कहिलेकाहीं उनको कुरा काट्थें तर उनी मन पराउँदैनथे। साथ-सङ्गत छुटेको लामो समय भएपछि, मानिसको स्वभाव र व्यवहारमा फरक आउँछ, त्यसको भेउ नपाउन्जेल फरासिलो व्यवहार गर्न सकिंदैन। फेरि हाम्रो समाजमा दोष जति अरूको टाउकोमा हाल्ने प्रवृत्ति नै हुन्छ। उनी एक किसिमले एकलकाटे भएको यतिन्जेलको यात्राले अनुभूत गराइदिएको थियो। उनले एक बोतल स्काच लगेका थिए। र त्यसमा कसैले अंश नखोजोस् भनेर पहिले नै-मैले त आफ्नो भाग ल्याएको छु, यात्राभरिका लागि मलाई पुग्छ। त्यै कुरा सुरेन्द्रजीले पनि बोकेका थिए, तर नेपाल मेड। सुरेन्द्रजी यस मामिलामा उदारमना थिए। ज्येष्ठ नागरिक पिकनिकहरूमा त्यसको झल्को पाइन्थ्यो। यो प्रसङ्ग यहाँ कोट्याउनुपर्ने दरकार किन पर्‍यो भने उनको त्यो स्वभाव थाहा पाएपछि र वीरगंज पुग्नैपर्ने विवशता फलाकिराख्दा सुपा देउराली जाने कुरा किन कसैले उठाओस् ? सबैले नजाने गाउँको बाटै नसोध्नू भनेर चित्त बुझाएका थिए। क्रमशः

### विवाह ...

हुन् भन्ने कुराको आशङ्का दृढ विश्वासमा परिणत भयो। अघिसम्म गोप्यरूपमा भइरहेको हर्कत अहिले प्रकाश भयो। किनभने दीपकले इशारा गरी उद्घोषकलाई स्वस्थानमा बोलाए। उद्घोषकलाई पाँच रुपैयाँ थमाउँदै एउटा कागजको टुक्रा हस्तान्तरण गरे। उद्घोषकले दुलहाका पिताजी विकाश शर्माको नाम उच्चारण गर्दै-

तुम लाख छुपाओ सिने में
एहसास हमारी चाहत का
दिल जब भी तुम्हारा धडका हैं,
आवाज यहाँ तक आई हैं।

लगत्तै दुलहाका कान्छो मौसा रमेशले पनि दुलहाको पिताजीकै नाममा पाँच रुपैयाँ खर्च गरे। साङ्गीतिक माहोल अहिले हाँसोठट्टामा परिणत भइसकेको थियो।

बरियतियाहरूको हाँसो र ठट्टामाझ नाचगान भइरहेको थियो। राधारानी दर्शकहरूको भीडतर्फ अग्रसर भइन्। भीडलाई पन्छाउँदै उनी एक भारी शरीरधारी दर्शकको अगाडि उभिइन्। ती दर्शक ट्वाँ परे। भारी जीउधारी दुलहाका मौसाजीले केही भन्न नपाउँदै राधारानी गीत गाउँदै उनको काखमा विराजमान भइन्। उनी दुलहाका ठूलो बुबा हुन् भन्ने कुरा कसैले बताइदिएको थियो। मोटो मानिससँग मोटो इनाम लिने बताउँदै राधारानी उनीसँग आलिङ्गनबद्ध हुने प्रयत्नसँगै, "आप तो दुलहाका बडे पापा हैं, इनाम भी बडा दिजिए" भन्न थालिन्। लगत्तै छेउछाउबाट अवाज आयो, "अरे ओ राधारानी, ऊ लइका के बडका बाबुजी ना हउवन, ऊ त मौसा हउवन मौसा, मोट आदमी से मोटे इनाम लिह हो, छोडी ह मत।" दुलहाका मौसाश्री शत्रुघ्नजीलाई निल्नु न ओकल्नुको अवस्था भयो। दर्शकदीर्घाको ध्यान पूर्णरूपेण यस कृत्यप्रति केन्द्रित थियो। कुटुम्बजनका लागि यो माहोल अति रोमाञ्चक थियो।

दुलहाका ठूलो मौसाजीले बीस रुपैयाँ इनाम दिए र राधारानीको कानमा दुलहाका माहिलो मौसाश्री गुरुदेवजीको नाम बताउँदै इशाराले चिनाइदिए। राधारानीको पाइला गुरुदेवजीतर्फ अग्रसर भयो। राधारानी उनको नजीक पुगिन् र थचक्क बसिन्। काँधमा हात थापेर शायरी भन्दै एकटक उनको अनुहार नियाल्न थालिन्। गुरुदेवजी मुसुमुसु हाँसिरहेका थिए। दर्शकदीर्घाको ध्यान उनीहरूमाथि केन्द्रित थियो। राधारानीको हर्कतले रोमान्टिक प्रकृतिका गुरुदेवजीको मन भित्रैदेखि नै गद्गद् थियो। यद्यपि उनी बाहिरी आवरणबाट गद्गद्पन प्रकट गर्न चाहन्थेनन्। अन्ततः एक, दुई र पाँचका केही थान नोट राधारानीको हातमा थमाइदिए। कुटुम्बजनसँग राधारानीको इनाम लिने क्रम धेरैबेरसम्म चलिरह्यो।

दिउँसोको दुई बजिसकेको थियो। साङ्गीतिक कार्यक्रमसँगै बीचबीचमा हास्यरस कार्यक्रमले दर्शकदीर्घा मन्त्रमुग्ध थिए। यसैक्रममा माइकिङ भयो- "सभी बरातियों को सूचित किया जाता है कि भोजन करने के लिए कृपया लडकी पक्ष के द्वार पर जाए।" बरियतियाहरूमध्ये केही उठ्न थाले। खाना खान जाने क्रम जारी थियो।

आज सूर्योदयसँगै गर्मीको प्रकोप उग्र थियो। पश्चिमी वायुको प्रकोपले दिउँसो अचानक मौसम बदली भयो। घरी घाम त घरी छाया हुने क्रम चलिरहेको थियो। आकाशमा कालो बादलको आकार हावाको वेगसँगै परिवर्तनशील थियो। केहीबेरमैं धूलाम्य हावाहुरीको गति बिस्तारै तेज हुन थाल्यो। क्षणभरमैं हावाको वेग असामान्य भयो। रूखबिरुवासँगै समियाना हल्लिन थाल्यो। भागमभाग मच्यो। हावाको वेगले समियाना तल-माथि र चोप दायाँ-बायाँ हल्लिरहेको थियो। सोही बेला हावाले समियानालाई माथि उचाल्यो। एकाध चोप समियानाको छिद्रबाट निस्कियो र भुइँमा लड्यो। भागिरहेका एकजना बरियतियाको टाउकोमा चोप बज्रेसँगै 'टन्न' आवाज निस्कियो। हावाको ठूलो वेगले समियाना खस्यो। बगैंचाको आसपास एकाधवटा गोठ थिए, जसमा बरियतियाहरू कोचमकोच थिए।

झन्डै एक घण्टा हावाहुरी र चटचाङसँगै पानी पर्‍यो। मानिसहरू हावाहुरीभन्दा बढी चटचाङबाट त्रसित थिए। बिस्तारै मौसम सामान्य भयो। गर्मीबाट आक्रान्त मौसम अहिले शीतल भइसकेको थियो। चार बजिसकेकोले नाचगान कार्यक्रम अब सम्भव थिएन। नाच पार्टीका कर्मचारीहरू साजसज्जा व्यवस्थित गर्न थाले।

मझाका र बरातको बिदाइ गर्ने बेला भइसकेको थियो। हावाहुरीका कारण औपचारिकरूपमा नाचको समापन नभए पनि प्रकृतिले समापन गरिदिएको थियो। अन्ततः बरातको बिदाइ भयो। पालकीमा दुलहा र बयलगाडामा बरियतियाहरू सवार भई प्रस्थान गरे। बाटोभरि हाँसोठट्टासँगै नाच र राधारानीको चर्चा परिचर्चामाझ यात्रा गन्तव्यमा पुग्यो र सबैजना आआफ्ना घरतर्फ लागे।

समाप्त

### नेपालमा ...

विद्यार्थीहरूले सार्वजनिक यातायातमा पाउने गरेको ४५ प्रतिशत छुट वीरगंजका विद्यार्थीहरूले पनि पाउनुपर्ने बताए। कानून सबैका लागि बराबर हो, देशभरि चल्ने सवारीसाधनमा विद्यार्थीहरूको लागि तोकिएको छुट दिन सबै विद्यार्थी सङ्गठन एक हुनुपर्ने बताए। कार्यक्रममा बाबुराम कौशिक, इस्लाम मियाँलगायतले मन्तव्य राखेका थिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# महानगरका दश स्थानमा निश्शुल्क वाइफाई

प्रस, वीरगंज, १ असार/

वीरगंज महानगरपालिकाले विभिन्न सार्वजनिक स्थल एवं भीड हुने सरकारी कार्यालय क्षेत्रमा निश्शुल्क वाइफाई उपलब्ध गराएको छ। पहिलो चरणमा महानगरका दश स्थानमा यो सेवा उपलब्ध गराइएको हो।

महानगरले इन्टरनेट सेवाप्रदायक कम्पनी वर्ल्डलिङ्कसँग सहकार्य गरी घण्टाघर, माईस्थान चोक, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला अदालत, यातायात, नारायणी अस्पताल, विद्युत् प्राधिकरण, भन्सार कार्यालय र महानगर कार्यालय क्षेत्रमा निश्शुल्क वाइफाई सेवा शुरू गरेको छ।

शुक्रवार महानगरमा निश्शुल्क वाइफाई सेवा शुरू गर्दै नगरप्रमुख राजेशमान सिंहले महानगरवासीलाई प्रविधिमैत्री सेवा विस्तार गरी वीरगंजलाई डिजिटल शहरको रूपमा अघि बढाउन यस्तो गरिएको बताए। उनले महानगरलाई आइटी हब बनाउने बताए। हाल हरेक स्थानमा दुई एमबिपिएस क्षमताको इन्टरनेट शुरू गरिएको र प्रयोगकर्ताको चापको आधारमा यसलाई बढाउँदै लग्ने उनले बताए। महानगरसँग तीन वर्षका लागि सम्झौता गरेको वर्ल्डलिङ्क कम्युनिकेशन्स लि., वीरगंज शाखाका प्रबन्धक अरफात देवानले जानकारी दिए।

# शिक्षक महासङ्घद्वारा ठोरी गापासमक्ष १६ बुँदे माग

चिरञ्जीवी सापकोटा, ठोरी, १ असार/

नेपाल शिक्षक महासङ्घ, ठोरीले विभिन्न १६ बुँदे माग राखी गाउँपालिकामा मागपत्र बुझाएको छ। आगामी आर्थिक वर्ष २०८०/८१ को परिषद्बाट बजेट बाँडफाँड हुने क्रममा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्न भन्दै आज ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठलाई मागपत्र बुझाएको नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठले जानकारी दिए।



तस्वीरः प्रतीक

महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ, उपाध्यक्ष गोपीलाल श्रेष्ठ र सचिव दीपेन्द्र सापकोटाको संयुक्त हस्ताक्षर रहेको मागपत्रमा बालविकासका सहयोगी शिक्षकलाई मोन्टेश्वरी तथा प्रविधियुक्त तालीमको व्यवस्था मिलाइनुपर्ने, विद्यालयलाई वितरण गरिने अनुदानको वितरण न्यायोचित गरिनुपर्ने, महासङ्घको कार्यालय र सभाहलको व्यवस्था मिलाइदिनुपर्ने, स्थानीय शिक्षा ऐन परिवर्तन गरिनुपर्ने, साना कक्षाहरूमा भित्तेलेखन गरिनुपर्ने, प्राविधिक विद्यालयमा थप अनुदान रकम व्यवस्था मिलाइनुपर्ने, विषयगत तालीमको सुनिश्चितता गरिनुपर्ने, शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाइनुपर्ने, एक विद्यालय एक फूलबारीको व्यवस्थाको लागि बजेट विनियोजन गरिनुपर्ने जस्ता माग राखी मागपत्र बुझाइएको छ।

मागपत्र बुझ्दै ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले आफूले शुरूदेखि नै शिक्षालाई प्राथमिकतामा राखी काम गरिरहेको बताउँदै महासङ्घले राखेको माग पूरा गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका महासङ्घका अध्यक्ष श्रेष्ठले बताए।

पालिका अध्यक्ष श्रेष्ठले ठोरीको सर्वाङ्गीण विकासको लागि आफू लागिपरेको र सार्वजनिक सूचनामार्फत पनि आगामी परिषद्मा के कस्ता कार्य सञ्चालन गर्ने भनी सुझाव माग गरिएकाले आगामी ६ गतेभित्र सङ्कलित सुझावलाई समेत प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने आफ्नो मनसाय रहेकोले सबैलाई सुझाव पेश गर्नसमेत अनुरोध गरे। शिक्षामा अझै केही माग छुटेका भएपनि ६ गतेसम्म पुनः सुझाव दिनसमेत आग्रह गरे। मागपत्र बुझ्ने कार्यक्रममा ठोरी गापाका शिक्षा शाखा प्रमुख भुपालकुमार जोशीको समेत सहभागिता थियो।

# प्रहरीले अनावश्यक दुःख दिएको ढुवानी व्यवसायीको आरोप

प्रस, वीरगंज, १ असार/

ट्रान्सपोर्ट एशोसिएशन वीरगंजले शुक्रवार पत्रकार सम्मेलन गरी प्रहरीले दिँदै आएको अनावश्यक दुःखको निवारण नगरेको खण्डमा ढुवानी व्यवसाय बन्द गर्ने चेतावनी दिएको छ।



तस्वीरः प्रतीक

एशोसिएशनका सचिव नवराज अधिकारीले विभिन्न खुद्रा पार्टीहरूको सामान कानूनसम्मतरूपमा ढुवानी गर्दै आएकामा प्रहरीले बिलबीजक नभएको जस्ता कुराहरू देखाएर राजस्व अनुसन्धान, वीरगंज भन्सार कार्यालय पठाउने र दुःख दिने कार्य गरेको भन्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापनपत्रमार्फत अवगत गराएको बताए। उनले सबैखाले गलत कार्यको विरोधमा प्रशासनिक अनुसन्धान गर्नुपर्ने भन्दै सोको नाममा दुःख दिनु उचित नभएको बताए।

सवारी जाँचको नाममा राजस्व कार्यालयमा पठाउने, लामो समयसम्म चेकजाँच नहुने र अनावश्यक खर्च बेहोर्नुपरेको बताए। उनले ट्रकबाट बरामद सामानमा दोषी देखिएका पार्टीबाहेक अन्यलाई दुःख नदिन र ट्रक समातेको बढीमा चार दिनभित्र राजस्वबाट चेकजाँचको कार्य सम्पन्न गराउने वातावरण बनाउन आग्रह गरेका थिए। सबै पार्टीले बिलबीजकहरू उपलब्ध गराएपछि ढुवानी गर्ने गरेको र कानूनसम्मत गरिने कार्यमा पनि दुःख दिंदा व्यवसाय प्रभावित भएको भन्दै यसमा सुधार नगरिएको खण्डमा व्यवसाय बन्द गर्नुको विकल्प नभएको उनले बताए।

# १० नम्बर ब्लकको अध्यक्षमा लालबाबू सिंह निर्विरोध

प्रस, परवानीपुर, १ असार/

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, गण्डक, वीरगंज मातहत रहेको नारायणी सिंचाइ प्रणालीको बारा खण्ड अन्तर्गत ब्लक नम्बर १० हर्दिया क्याम्पको अध्यक्षमा लालबाबू सिंह निर्विरोध निर्वाचित भएका छन्।



तस्वीरः प्रतीक

निर्वाचनको मुख्य दिन असार १ गते उम्मेदवारी दर्ताको समयावधि तोकिएकोमा मुख्य चारवटा पदमा चारजनाको एकल उम्मेदवारी परेकाले उनीहरूलाई निर्विरोध निर्वाचित गरिएको हो। समितिको उपाध्यक्ष वीरेन्द्रप्रताप सिंह, सचिव राजनारायण यादव र कोषाध्यक्षमा अजय यादव निर्वाचित भएका हुन्।

११ सदस्यीय समितिका अन्य सातजना सदस्य १० नम्बर ब्लक अन्तर्गत मनोनीत गर्ने तयारी रहेको मुख्य निर्वाचन अधिकृत एवं नारायणी सिंचाइ कार्यालय, वीरगंजका प्रमुख मनोरञ्जनकुमार सिंहले जानकारी गराए।

चार वर्षे कार्यकाल रहने उक्त ब्लकमा १०७ जना किसान मतदाता छन् भने सो क्षेत्रमा सयवटा टर्सरी अर्थात् सहायक नहर छन्। सो ब्लकको सिञ्चित क्षेत्र दुई हजार ३२७ हेक्टर जग्गा रहेको नारायणी सिंचाइका सूचना अधिकारी सुरेश साहले बताए। महागढीमाई नगरपालिका–७ को भूतही खोलादेखि सुवर्ण गापा–७ टियर खोलासम्म १० नम्बर ब्लक फैलिएको छ। पर्साको जानकीटोला, इनर्वादेखि रौतहटको बाग्मती नदीसम्म ८१ किलोमिटर लम्बाइ रहेको गण्डक नहरमा पर्सामा छ, बारामा छ, रौतहटमा तीन गरी १५ वटा ब्लक रहेकामा अहिले पर्साको दुई र बाराको १० नम्बर ब्लकमा समिति गठन भएको र बाँकी १३ वटा ब्लकमा चुनावी प्रक्रिया अगाडि बढेको बताइएको छ।

# बालकलाई घाइते बनाउने तिवारी पक्राउ

प्रस, वीरगंज, १ असार/

कालिकामाई गाउँपालिका–५ बिरञ्चीबर्वा निवासी बलिराम तिवारी भन्ने पप्पुलाई इलाका प्रहरी कार्यालय, पोखरियाले पक्राउ गरेको छ।

जेठ २३ गते आँपको बगैंचामा विवाद हुँदा तिवारीले चलाएको एयरगनको छर्रा लागेर नौ वर्षीय बालक श्यामसुन्दर महतो सामान्य घाइते भएका थिए। महतोका परिवारले कारबाईको माग गर्दै जिल्ला प्रहरी कार्यालय, पर्सामा तिवारीविरुद्ध ज्यान मार्ने उद्योगको उजूरी दिएका थिए। प्रहरी नायब उपरीक्षक दीपक गिरीले पक्राउ परेका तिवारीविरुद्ध ज्यान मार्ने उद्योगको उजूरी आएको तर दर्ता नभएको बताए। स्थानीयले एयरगनको छर्रा लागेर बालक घाइते भएको बताएका छन् तर खानतलाशीको क्रममा उनको घरबाट भरुवा बन्दुक भेटिएको प्रनाउ गिरीले बताए। पक्राउ परेका तिवारीमाथि अनुसन्धान भइरहेको र कानून अनुसार कारबाई हुने उनले बताए।

# महिलाहरूको लागि योग शिविर




तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ असार/

साहिब दरबारको आयोजनामा शुक्रवारदेखि महिलाहरूको लागि योग शिविर शुरू भएको छ। नगरप्रमुख राजेशमान सिंहले शिविरको उद्घाटन गर्दै शरीर स्वस्थ राख्न योगको महत्त्वपूर्ण योगदान रहेको बताए। उनले विश्वभर नै योगको महत्त्व बढेको भन्दै स्वस्थ रहन योग गर्न आग्रह गरे।

योग शिविरमा प्रतिमा सिंह र लालसा चौधरीले योग प्रशिक्षण दिँदैछन्। उद्घाटन कार्यक्रममा साहिब दरबारका संस्थापक सदस्य अन्नपूर्ण मानन्धर, वडा नं ३ का अध्यक्ष बैजुलाल स्वर्णकार, कार्यपालिका सदस्य खैरुद्दीन मियाँ, वडासदस्य कलाम मियाँ, सङ्गीता दास, बर्कतुन नेसा, डा अरुण गुप्ता, जिनु मैयाँलगायतको सहभागिता थियो।

# आगलागीपीडितलाई राहत सामग्री सहयोग



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ असार/

जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादवले आगलागीपीडितलाई राहत सामग्री सहयोग गरेका छन्।

आगलागीपीडित पाँडेपुर निवासी मञ्जु महतो नुनिया र बिसुनपूर्वा निवासी हिम्मत काललाई राहतस्वरूप नगद पाँच/पाँच हजार र रेडक्रसबाट प्राप्त सहयोग चामल, दाल, त्रिपाल, बाल्टिन तथा भाँडाबर्तन सहयोग गरेका हुन्।

कार्यक्रममा वडाध्यक्षद्वय लक्ष्मी साह तेली, नेपाली कुशवाहा, बिहारीप्रसाद नुनिया, सुरेन्द्रसिंह क्षत्रीलगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# नापी कार्यालय सिम्रौनगढको सेवा शुरू



पहिलो सेवाग्राहीलाई सम्मान गरिँदै। तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, १ असार/

दुई वर्षपछि सिम्रौनगढमा नापी कार्यालयको सेवा शुक्रवारदेखि सुचारु भएको छ। सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवारको उपस्थितिमा नापी कार्यालयको सेवा सुचारु गरिएको हो।

पहिलो सेवाग्राही सिम्रौनगढ नगरपालिका–४ गङ्गानगर निवासी हरिचरण साहलाई सो अवसरमा सम्मान गरिएको थियो। नापी कार्यालय, सिम्रौनगढका प्रमुख रामप्रमोद राउत कुर्मीले पहिलो सेवाग्राही साहलाई टीका र माला लगाएर सम्मान गरेका थिए।

नापी कार्यालय, सिम्रौनगढले यस क्षेत्रका सिम्रौनगढ र पचरौता नगरपालिका तथा आदर्श कोतवाल गाउँपालिकाका साबिक १९ वटा गाविसमा सेवा दिने जनाइएको छ।

यसभन्दा पहिले मालपोत कार्यालय, सिम्रौनगढले एक साताअघिदेखि सेवा दिन थालेको छ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले**:
- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | सान्वी फाउन्डेशन | रक्तदान | मधुशाला होटल | ७:०० |
| २. | साहिब दरबार सेवा संस्थान | रक्तदान | जैन हल | ७:०० |
| ३. | नारायणी स्पोर्ट्स क्लब | उद्घाटन | कुम्हालटोल | ८:०० |